# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

मंसीर पूर्णिमा



नेपाल भाषा परिषद्को तर्फबाट सत्यमोहन जोशीज्यूले धम्मवती गुरुमाँलाई "भाषा थुवाः" पदवी प्रदान गर्नुहुँदै ।

DHARMAKIRTI

वर्ष– १७ अङ्क– ९ वार्षिक रु. ५०/– मूल्य रु. ५/–

Downloaded from http://www.dhamma.digital

# प्रेस विज्ञप्ति

**स्थल** : महाबोधि कार्यालय, सारनाथ (वाराणसी) (उत्तर प्रदेश)

**दोपहर** : ३:३० बजे, दिनांक १२-११-१९९९

जगद्‌गुरु कांची कामकोटी पीठ के श्रद्धेय शंकराचार्य श्री जयेन्द्र सरस्वतीजी औ विपश्यनाचार्य गुरुजी श्री सत्यनारायण गोयन्काजी की सौहार्दपूर्ण वार्तालाप की संयुक्त विज्ञप्ति प्रकाशित की जा रही है। दोनो इस बात से सहमत हैं और चाहते हैं कि दोनो प्राचीन परंपराओं में अत्यंत स्नेहपूर्वक वातावरण स्थापित रहे। इसे लेकर जिन पड़ोसी देशों के बन्धुओं में किसी कारण किसी प्रकार की गलतफहमी पैदा हुई हो, उसका शीघ्रातिशीघ्र निराकरण हो। इस संबंध मे बातों पर सहमति हुई :-

(१) किसी भी कारण से पूर्वकाल में पारस्परिक मतभेदों को लेकर जो भी साहित्य निर्माण हुआ, जिसमें भगवान बुद्धको विष्णु का अवतार बता कर जो कुछ लिखा गया, वह पड़ोसी देश के बंधुओं को अप्रिय लगा, इसे हम समझते हैं। इसलिए दोनों समुदायों के पारस्परिक संबंधो को पुनः स्नेहपूर्वक बनाने के लिए हम निर्णय करते हैं कि भूतकाल में जो हुआ, उसे भुला कर अब हमें इस प्रकार की किसी मान्यता को बढ़ावा नहीं देना चाहिए।

(२) पड़ोसी देशों में यह भ्रांति फैली कि भारत का हिंदू समुदाय बुद्धानुयायिओं पर अपना वर्चस्व स्थापित करने के लिए इन कार्यशालाओं का आयोजन कर रहा है। यह बात उनके मन से सदा के लिए निकल जाय, इसलिए हम यह प्रज्ञापित करते हैं वैदिक और बुद्ध-श्रमण की परंपरा भारत की अत्यंत प्राचीन मान्य परम्पराओं में से हैं। दोनों का अपना-अपना गौरवपूर्ण स्वतन्त्र अस्तित्व है। किसी एक परंपराद्वारा अपने आपको उँचा और दूसरे को नीचा दिखाने का काम परस्पर द्वेष, वैमनस्य बढ़ाने का ही कारण बनता है। इसलिए भविष्य में कभी ऐसा न हो। दोनों परंपराओं को समान आदर एवं गौरव का भाव दिया जाय।

(३) सत्कर्म के द्वारा कोई भी व्यक्ति समाज में ऊंचा स्थान प्राप्त कर सकता है और दुष्कर्म के द्वारा पतित होता है। इसलिए हर व्यक्ति सत्कर्म करके तथा काम, क्रोध, मद, मोह, लोभ, मात्सर्य, अहंकार इत्यादि अशुभ दुर्गुणों को निकाल कर अपने आप को समाज में उच्च स्थान पर स्थापित करके सुख-शान्ति का अनुभव कर सकता है।

उपर्युक्त तीनों बातों पर हम दोनों की पूर्ण सहमति है तथा हम चाहते हैं कि भारत के सभी समुदाय के लोग पारस्परिक मैत्री भाव रखें तथा पड़ोसी देश भी भारत के साथ पूर्ण मैत्री भाव रखें।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | | १ |
| २. | मखादेव जातक | प्रकाश बज्राचार्य | २ |
| ३. | (कविता) अफशोच परेको | रामभक्त प्रधान, बनेपा | २ |
| ४. | धम्मपद-१२३ | रीना तुलाधर | ३ |
| ५. | (कथा) सधैं होश राख्नु पर्छ | भिक्षु संघरक्षित, संघाराम | ४ |
| ६. | विपश्यना ध्यान केन्द्र : | घनश्याम राजकर्णिकार | ५ |
| ७. | संयुक्त निकाय - १३ | भिक्षु ज. काश्यप, - भिक्षु धर्मरक्षित, - अनु. वीर्यवती | ६ |
| ८. | (कविता) धर्म सेनापती धम्मवती | अमृतमान शाक्य, इतुं बहा: यें | ८ |
| ९. | रिसले वैरभाव शान्त हुँदैन | भिक्षु अश्वघोष | ९ |
| १०. | सतिपट्ठान ध्यान - एक अनुभव | उपासिका हिरि दीपंकरमाला, महिला बौद्ध संघ, बागलुङ | ११ |
| ११. | दान-१ | सुवर्णमान तुलाधर | १२ |
| १२. | (कविता) आफ्नो नाथ आफैं | दोलेन्द्र रत्न शाक्य | १४ |
| १३. | (कविता) श्रद्धेय धम्मवती गुरुमाँ लुमंका | बेखारत्न शाक्य, ह:खा | १४ |
| १४. | धर्मकीर्ति विहार-गतिविधि | | १५-१८ |
| १५. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | १८ |
| १६. | (कविता) सुख यो धइगु ख:सा | भिक्षु सुशील, सुगतपुर विहार, त्रिशुली | १८ |
| १७. | धर्म प्रचार-समाचार | | १९-२१ |
| १८. | (कविता) निडर भएर मृत्यु देखि जुध्न सिकौं | श्रीमती शर्मिष्ठा उदास | २२ |
| १९. | (कविता) यस्तो हुन्छ भने | श्रा. संघरक्षित | २२ |
| २०. | (कविता) बुद्धको इतिहास | वीरेन्द्र श्रेष्ठ | २३ |
| २१. | (कविता) जीवन जिउने कला सिकौं | सरोज उदास | २३ |
| २२. | (कविता) मन शुद्ध स्वच्छ राखौं | सुश्री सुमना देवी शाक्य | २३ |
| २३. | (कविता) शुभकामना धर्मकीर्तिलाई | प्रविणमान महर्जन | २३ |
| २४. | (कविता) धन्य हो बुद्ध तिमी | हरि कृष्ण श्रेष्ठ | २४, |
| २५. | (कविता) हे मार । | सत्यपारमिता गुरुमाँ | २४ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् १९९९
विक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

DECEMBER, 1999


| वर्ष- १७ | अङ्क- ९ | योमरिपुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|





आफूलाई आफैले उठाऊ, आफैले परीक्षा गर । यसप्रकार तिमी आफूलाई आफैले रक्षा गर्दै विचारशील भएर सुखपूर्वक यो लोकमा जीविका गर ।

जसरी डाडुले दाल तरकारीको स्वादलाई थाहा पाउन सक्दैन, त्यसैगरी मूर्ख मान्छेले सारा जीवन पण्डितहरूको संगतमा रहेर पनि धर्म र ज्ञानको रस प्राप्त गर्न सक्दैन ।

सय वर्षको अलसी र हीनवीर्य जीवनको साटो एक दिनको दृढ कर्मण्यताको जीवन नै धेरै उत्तम हो ।

★ ★ ★

Downloaded from http://www.dhamma.digital

# मखादेव जातक

✍ प्रकाश बज्राचार्य

एउटा सेतो फुलेको कपाल ! काला केशहरूको माझ सिंगो सेतो फुलेको कपाल । लामा र राम्रा केशहरूको बीचमा एउटा एक्लो सेतो फुलेको कपाल । हुनत त्यो कपाल पुरै सेतो हुन पाएको थिएन, तर पनि कालो टाउकोमा फुलेको त्यो कपाल प्रष्टै देखिन्थ्यो । त्यो केश अरू केश झैं लामो थियो तर पनि अलग्ग थियो । बैंसले फुलेको त्यो रौंले मानो आफ्नो अनुभवीपनलाई प्रदर्शन गरिरहेको थियो । त्यो सेतो कपाल आहारको कमि वा वातावरणको खराबीले आएको थिएन, न त त्यो सेतो कपाल अर्धबैंसमै फुलाउने वंशाणुगत गुणको कारणले आएको थियो । त्यो फुलेको कपाल वास्तवमा बुढोपनको सूचक थियो, आयुको सूचक थियो ।

टाउकोभरि कालो कपालमा एउटा त्यो फुलेको सेतो कपाल । कपाल काटिराख्ने हजामको आँखाबाट त्यो स्पष्टसँग देखिने कपाल लुक्न सकेन । राजाको टाउकोमा एउटा फुलेको कपाल देख्नासाथै राजालाई यो कुरा भन्नुपऱ्यो भन्ने विचार गऱ्यो उसले । अरूबेला भए एक साधारण हजामले त्यस्ता फुलेका कपालहरूको वास्ता गर्दैनथ्यो । तर यो हजामले विशेष रूपमा हुकुम पाएको थियो कि फुलेको कपाल देख्यो भने राजालाई खबर गर्नु भनेर । त्यसैले त्यो सेतो कपालमा आँखा पर्नासाथै हजामले बिन्ती गऱ्यो, "महाराज !"

"हुँ ?" राजाले सोध्यो ।

"तपाईंको टाउकोमा एउटा सेतो कपाल छ ।" डराइ डराइ मसिनो स्वरले भन्यो ।

फनक्क टाउको घुमाएर राजा मखादेवले आफ्नो कपाल काटिरहने नाईको अनुहार हेऱ्यो । अनुहारमा सत्यता झल्किन्थ्यो । एक लामो सुस्केरा हाली राजाले भन्यो, "खै कपाल निकालेर मेरो हातमा राखिदेऊ त ।"

बिस्तारै थुरु थुरु कामेको हात बढाई राजाको टाउकोमा रहेको त्यो सेतो कपाल टप्प टिपेर हजामले निकाल्यो । राजाको हातमा राखिदियो ।

त्यो सेतो फुलेको कपाल ! राजाले आफ्नो कपालमा आँखा टाँसे । मनमा थरि थरिका तरंग उत्पन्न हुन थाले अनित्यताको प्रतिक त्यो सेतो कपाल ! म पनि बुढो नै भएँ, यो फुलेको कपालले यही सन्देश दिंदैछ । मेरो राम्रो केश, स्वस्थ शरीर, रमाइलो परिवार, महान सिंहासन– सबै त छोडेर जानुपर्छ । कपाल फुलिसक्यो, बैंस गइसक्यो । तर लोभिपन गएको छैन । त्यागको भाव जागेको छैन । बूढो भैसकेपछि पनि त्याग चेतना मनमा नआउनु राम्रो होइन । त्यसैले म अब त्यागी बन्छु । सबै कुरो अनित्य छ । यो राजपात, परिवार छाडी ध्यान भावना गर्न जान्छु । गृहत्याग गर्छु ।

यसरी मनमा लिई राजाले भोलिपल्ट नै राजपरिषद्मा घोषणा गरे, "प्यारा साथीहरू ! संसार अनित्य छ । सधैं रहिरहने केही छैन । मेरो राज्य, मेरो सिंहासन, मेरो परिवार सबै अनित्य नै हुन् । म पनि बूढो भैसकें । कपाल फुलिसक्यो । त्यसैले मैले गृहत्याग गर्ने निर्णय गरिसकें । भोलि नै म यो राज्य जेठो राजकुमार लाई सुम्पिदिन्छु । पर्सि राजदरवार छाडी जंगलमा गई ध्यान भावना गर्न जान्छु । ज्ञान लाभ गर्न जान्छु ।"

भोलिपल्ट ! राजकुमारको राज्याभिषेक भयो ।

पर्सिपल्ट ! राजा मखादेवले आफ्ना बहुमूल्य वस्त्र फुकाली साधारण लुगा लगाई गृहत्याग गरे । ज्ञानको खोजीमा जंगलको बाटो हेरि उतैपट्टि लागे । त्यागको ठूलो नमूना राजा आफैंले प्रस्तुत गरि देखाए ।

★ ★ ★

**कथा अनुसार राजा मखादेव जंगलमा बस्न गएपछि केही वर्ष पछि मृत्यु भयो र मिथिला देशको राजा निमिको रूपमा पुनर्जन्म भयो । यो जातक कथामा गृहत्याग गर्ने राजा मखादेव बोधिसत्व हुनुहुन्छ ।**

## अफशोच परेको

✍ रामभक्त प्रधान, बनेपा

*कति रुनु छोरा आँशुको धारा बगाई*
*छोरा रोयो आँशुको धारा निकाली*
*आमा र छोरा रोए आँसुको धारा खसाली*
*यो केको नाता जोडी रोए आँशु निकाली*

*कस्तो नाता परि आएको यो आँसुको धारामा*
*सबै झूठो नाता गाँसी आएको आँशुमा*
*फूलमाला गाँसे जस्तै नाता गाँसेको*
*यी सबै झूठो नाता परि आएको*

*रोई कराई छोराछोरी खोजी*
*नाता माया जोडी झूठो संसारमा आई*
*मायाको फन्दामा परी माकुराको जालमा*
*हामी सबै रोई कराई बितिने भो जंजालमा*

*कस्तो यो संसार झूठो काया*
*झूठो माया झूठो यो संसार*
*हामी सबै अनित्यमा डुबेका छौं जंजाल*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१२३

✍ रीना तुलाधर

**जीरन्ति वे राजरथा सुचित्ता**
**अथो सरीरम्पि जरं उपेति**
**सतञ्च धम्मो न जरं उपेति**
**सन्तो हवे सब्भि पवेदयन्ति**

अर्थ– राम्ररी सजाइएको राजाको रथ जीर्ण भएर जाने जस्तै यो शरीर पनि जति नै रक्षा गरेर राखे तापनि जीर्ण भएर जान्छ । तर तथागतको सत्य धर्म जीर्ण भएर जाँदैन भनी सन्तजन र पण्डितजनले भन्छन् ।

घटना– भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको समयमा कोशल देशका महाराजा प्रसेनजीतकी महारानी मल्लिकादेवीको कारणमा उपरोक्त गाथा भन्नु भएको थियो ।

एकदिन मल्लिकादेवी नुहाउने कोठामा नुहाइरहेको बेलामा उसको पाल्तु कुकुर पनि नुहाउने कोठा भित्र पस्न आयो । मल्लिका देवी निहुरेर खुट्टा धोइराखेको बेला त्यो कुकुर आफ्नो मालिकको जिउमा उफ्रेर चढेर चल्दा चल्दै यौन कार्य गर्न थाल्यो । मल्लिकादेवीले पनि कुकुरको स्पर्शमा एकछिन रमाएर त्यसै बसीरहे । महाराजले पनि संजोगवश आफ्नो कोठाको झ्यालबाट त्यो नराम्रो दृश्य देख्न पुगेछ । महारानी कोठाभित्र पुगेपछि रीसले चूर भएर "तिमी नुहाउने कोठामा के गरिराखेको थिइस् । मैले आफ्नै आँखाले देखेको कुरा तिमीले नकार्न सक्तैनौ ।" भन्दै बेस्करी गाली गरे । महारानीले भनिन्– "म मात्र हात खुट्टा धोइराखेकी थिएँ । यो कोठाबाट तलको नुहाउने कोठामा हेर्दा एकजनाको दुईजना देखिन्छ । नपत्याए तपाइँ गएर हेर्नुस् । आफ्नो दोष लुकाउन महारानीले महाराजलाई नुहाउने कोठामा पठाए फेरि पछि फर्केर आएपछि भनिन्– "मैले पनि यहाँबाट हेर्दा महाराजले बाख्रीसँग यौन संपर्क गरेको जस्तै देखेँ ।" महाराज प्रसेनजीत अलि मन्द बुद्धि र सोझो खालको भएकोले महारानीको कुरा पत्याएर चुप लागे ।

तर त्यो घटनापछि मल्लिकादेवीलाई शान्ति भएन । आफूले एकछिन भएपनि नराम्रो काम गरेको, राजालाई झूठो बोलेर झुक्याएको यी कुरामा उनी पछुताउँदा पछुताउँदै मरणको समयमा समेत त्यही पापकर्म सम्झिन् । आफूले जीवनकालमा त्यत्रो ठूलो महान धर्म कार्यहरू गरेको केही पनि सम्झन नसकी मात्र त्यो सानो कुकर्म सम्झी उनी मरिन् । त्यही कारणले उनी मरेर नर्कमा जन्मिन् ।

मल्लिका महारानी महाराजकी अत्यन्त प्यारी रानी थिइन् । अत: आफ्नि प्रिय महारानीको शोकमा डुबेका महाराजले उनी मरेर कहाँ जन्मिन् भन्ने थाहा पाउने इच्छा गरेर भगवान बुद्धकहाँ गए । भगवान बुद्धले सो कुरा थाहा पाउनु भयो । यस कुरामा भगवान बुद्धलाई समेत अप्ठेरो पऱ्यो । महाराजले सोध्दा मल्लिकादेवी नर्कमा जन्मेका कुरा भनेर सत्य बोलुँ भने मन्द बुद्धिको महाराजले सत्य धर्म, दान धर्ममा नै आफ्नो श्रद्धा बिगार्नेछ । मल्लिका जस्ती त्यागी, दानी धर्मात्मा पनि मरेर नर्कमा जन्मेछ भनेर उसले सबै धार्मिक आस्थालाई त्याग्नेछ । झूठो कुरा तथागतले कदापि बोल्नुहुन्न । अर्को, भगवान बुद्धलाई यो पनि थाहा थियो कि एकछिनको कुकर्मको भोग गर्न सात दिनमात्र मल्लिकाले नर्कमा भोग गर्नुपर्छ, त्यसपछि उनी तुषिता देवलोकमा जन्मिनेछ । अत: भगवान बुद्धले चाहनु भयो कि सात दिनसम्म महाराज प्रसेनजीतले मल्लिका कहाँ जन्मिन् भनी नसोधोस् । ती ऋद्धिवान तथागतको इच्छा स्वरूप त्यस्तै भएछ । सातदिनसम्म भगवान बुद्धलाई भेट्दा पनि महाराजले उक्त कुरा सोध्न बिर्सेछ ।

आठौं दिनमा जब मल्लिकादेवी तुषिता देवलोकमा जन्मिइ सकिन् तब भगवान बुद्ध स्वयं महाराजको दरबारमा भिक्षा जानुभयो । भगवान बुद्धले त्यो दिन दरबारको रथ शालामा नै बस्ने इच्छा गर्नुभयो । अत: त्यहाँ भोजनको कार्य भयो । भोजनको कार्यपछि महाराजले आफूले इच्छा गरेको अनुसार मल्लिका महारानी मरेर कहाँ जन्मिन् भनेर सोधे । भगवान बुद्धले उनी तुषित देवलोक भुवनमा जन्मेको कुरा बताउनु भयो । महाराजले विरह गर्दै भन्यो, "उनी जस्ती शील सदाचारलेयुक्त त्यागी दानी स्त्री मरेर देवलोकमा नजन्मे अरू को जन्मेला । महारानी हुँदा दिनहुँ कसरी भगवान बुद्ध प्रमुख भिक्षु संघको सेवा गर्ने भनी व्यवस्था गर्थिन् । अब म एक्लो भएँ । कुनै काम गर्ने इच्छा छैन ।" विरहमा दुबेका महाराजलाई सम्झाउन भगवान बुद्धले त्यहाँ रथशालामा भएको रथहरू देखाइ भन्नुभयो, "हेर्नुस्, यो तपाइँको बाजको रथ पुरानो झुत्रो भईसक्यो । त्यसपछि तपाइँका बुबा महाराजको रथ पनि पुरानो भएर नराम्रो भईसक्यो । आजको तपाइँको रथ भने राम्रो सुसज्जित छ । यस्तो काठले बनाइएको रथ त पुरानो भएर झुत्रो भएर जान्छ भने यो शरीर बूढो भएकोमा के भनुं । महाराज सबै प्राणी बूढाबूढी भएर जान्छन् । जीर्ण भएर जान्छन् । सत्य र सत्पुरुष धर्म भने कहिल्यै जीर्ण हुने छैन ।" यस्तो उपदेश दिनुहुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■



Downloaded from http://www.dhamma.digital

# सधैं होश राख्नु पर्छ

- भिक्षु संघरक्षित, संघाराम

केही नभए पनि राजपुरोहित भएको कारणले उसलाई धन-सम्पत्तिको कुनै अभाव थिएन, न त मानसम्मानको नै । अभाव छ त केवल एउटै– पुत्र अभाव ! हुन त उसले विवाह नगरेको पनि होइन, र पनि सन्तान नभएपछि कसले के गर्ने ? किन्तु तिनीहरूको सामर्थ्यले भ्याएसम्मको सम्पूर्ण विधि, पूजा-आजा पनि सम्पन्न गर्न पछि परेको थिएन, सम्पन्न नै गरिसकेको थियो ।

तिनीहरूको पुत्रप्रतिको इच्छा-आकांक्षाले नै भनुँ या भाग्यले, बृहत्काल पश्चात् एउटा सन्तान प्राप्त भएरै छाड्यो, त्यो पनि पुत्ररत्न । तसर्थ उक्त संयोगले तिनीहरूको हर्षको सीमा नै रहेन । जीवनमा खट्किरहेको सन्तानको अभाव पनि परिपूर्ति भएकोले तिनीहरूको घरमा ठूलो उत्सव सम्पन्न भयो। लाग्दथ्यो, सम्पूर्ण प्रसन्नता र हर्षले आज तिनीहरूकै गृहमा वास गर्दैछन् ।

लामो अवधि पश्चात् प्राप्त पुत्रको भविष्य एक ज्योतिषाचार्यद्वारा "चोर" हुने कुरा थाहा पाएर ऊ छानाबाट खसे झैं भयो । उसको हृदयमा आघात पुऱ्यायो, धिक्कार्न थाल्यो– "बृहतकाल पश्चात् भएपनि पुत्ररत्न प्राप्त भयो भनेर हर्षले बिभोर र खुशीले गद्‌गद् भएको त चोर पो बन्ने सन्तान परेछ । बरू ... ...

उसको मनमा अनेकानेक विचारधाराहरूको अन्तरद्वन्द हुन थाल्यो । अन्ततः, उसले एउटा दृढ प्रण गऱ्यो– "ज्योतिषाचार्यले भनेको कुरा पनि सदैब यथार्थ नहुन सक्छ, हुँदैन पनि । बरू, यो मेरो छोरालाई राम्रो गुरुकहाँ तालीम गराएर राम्रो नै बनाउँछु ।" उसले परिस्थिति– कुरा सम्पूर्ण अवबोध गराउँदै राम्रो गुरुकहाँ राम्रो तालीम हेतु गुरुकुलमा छोडेर आयो । गुरुकै छत्रछायाँमा बिस्तार-बिस्तारै शिक्षाध्ययनको क्रम पुरा गरेको उक्त बालकलाई बिशेषतः सचेत हुन, होशियार बन्ने कुरामा जोड दिन थाल्यो ।

मनमोहक आकर्षक वस्तुहरू अगाडि राखेर गुरु एक स्थानमा लुकिराख्थ्यो र जब उक्त बच्चाले चोर्ने मनसायले हात बढाउँथ्यो त गुरु प्रकट भएर चोर्न नहुने, यसले कूल इज्जत बदनाम गराउने, स्वयंले यातना भोग्न बाध्य हुने आदि दुष्परिणाम प्रकाश पारेर होश राख्नुपर्ने उपदेश दिन्थ्यो । १६ वर्षसम्म पूर्णतः तालीम गरेर उक्त बच्चालाई घर पठाइदियो, किनकि अब त्यो व्यक्तिले होशपूर्वक कार्य गर्न सक्षम भइसकेको थियो ।

आफ्नो एकमात्र छोरा तालीम भएर आएको देखि पुरोहित अति प्रसन्न थिए। ऊ आफू दरबार जाने अवस्थामा पुत्रलाई पनि सँगै लग्थ्यो र उसलाई त्यहीं छोडेर आफ्नो कार्यमा अग्रसर हुन जान्थ्यो ।

दरबारमा एक्लै चारिका गरिराखेको छोरा चाहिं यताउता हेर्दै, घुम्दै राजाको शयन कक्षमा पनि पुग्यो । राजाको अनुपस्थितिमा त्यो व्यक्ति बिना कुनै झिन्झाहट निशंकोचले राजकक्षमा दृश्यावलोकन गर्न थाल्यो। त्यहाँको सौन्दर्यताद्वारा मोहित त्यस व्यक्तिको आँखा एउटा सुन्दरमय बस्तुमा केन्द्रित बन्न पुग्यो । मनभित्रको लोभचित्तले गर्दा उक्त चिज लिन हात पसाऱ्यो किन्तु पुनः चोरीबाट हुने दुष्परिणाम स्मरण गरेर हात पछाडि साऱ्यो । यसरी एकपटक चोर्नलाई हात बढाउने र अर्कोपटक चोर्न नहुने याद गरेर हात अगाडि पछाडि तान्ने क्रम जारी नै रह्‌यो । मनमा भयानक अन्तरद्वन्द गराउँदै रह्‌यो । अन्ततोगत्वाः ऊ आफ्नो मनलाई जितेरै छाड्यो । उसले चोरेन । ऊ आफ्नो तालीममा पूर्णतः सफल बन्यो। सम्पूर्ण दृश्य एक ठाउँमा बसेर हेर्दै गरेको राजा अति प्रशन्न भएर उक्त व्यक्तिलाई उच्च ओहदाको पदमा पनि नियुक्त गरिदियो ।

वास्तवमै; देश, काल, परिस्थिति र संगतले मानव मष्तिष्कलाई नै परिवर्तन गर्दा रहेछन् । आफ्नो निरन्तरको प्रयासले नै उक्त कार्यले सफलता प्राप्त गर्दा रहेछन् । तब त, कुशल कार्यमा स्वयं अग्रसर बनि कार्यन्वयन गर्न सक्नु पर्छ, अग्रगामी बन्नुपर्छ । अनि हेरौंला, हाम्रो जीवन कसरी सार्थक नहोला ? कसरी कल्याणकारी नबन्ला ?? ■



Downloaded from http://www.dhamma.digital

# विपश्यना ध्यान केन्द्र :

✍ धनश्याम राजकर्णिकार

संसारबाट झण्डै लोप हुन लागेको विपश्यना ध्यान विधिको महत्ता हाल केही वर्ष यतादेखि बढ्दै आइरहेको छ । वस्तुत: यो ध्यान विधिलाई पुनर्जीवित तुल्याउनमा श्रद्धेय गुरु सत्यनारायण गोयन्काको ठूलो देन छ । उहाँकै सत्प्रयासबाट हालसम्म विश्वका विभिन्न मुलुकमा ४२ वटा विपश्यना ध्यान केन्द्रहरू सुचारू रूपले संचालन भइरहेका छन् । ती ध्यान केन्द्रहरूबाट एक सयभन्दा बढी मुलुकका हजारौंहजार स्त्री पुरुषहरूले विपश्यना ध्यान सिकी यो दु:खी जीवनमा सुख, शान्ति र सन्तोषको अनुभूति गर्न पाइरहेका छन् ।

काठमाडौंको बूढानीलकण्ठस्थित मुहानपोखरीको रमणीय स्थलमा संचालित 'धर्मश्रृंग' विपश्यना ध्यान केन्द्रले नियमित रूपमा महिनाको दुई पटक दश दिने ध्यान शिविरहरू संचालन गरिरहेको छ । बुद्धको जन्मभूमि नेपालमा बुद्धदेवले सिकाउनु भएको विपश्यना ध्यान ढिलै भए पनि सुचारू रूपले संचालन हुनु अति उत्तम सार्थक क्रिया हो ।

अरूले झैं मैले पनि बूढानीलकण्ठको 'धर्मश्रृंग' मा संचालित ध्यान शिविरमा सम्मिलित हुने सौभाग्य पाएको छु । त्यस ध्यान केन्द्रमा देखे-भोगेका तथा मलाई प्रभावित पारेका केही अनुभव र अनुभूतिहरू यहाँ उल्लेख गर्न लागिरहेको छु ।

ध्यान केन्द्रमा भएका नौला तर ज्यादै फलदायक र प्रभावित पार्ने क्रियाकलापहरूमध्ये आर्य मौन पनि एक हो । शिविर सुरु भएको दिनदेखि शिविर सकिनु एक दिन अगाडिसम्म शिविरमा सम्मिलित सबै साधक साधिकाहरू मौन हुनुपर्ने नियम छ । कसैले कसैसँग बोल्न मात्र होइन संकेत गरेर, हावभाव गरेर, लेखेर अभिव्यक्त गर्नसमेत पूर्ण बन्देज छ । आर्यमौन अर्थात् पूर्ण मौनको उपादेयता-बारे लेखेर वा वर्णन गरेर भन्दा अनुभव गरेर मात्र बुझ्न सकिंदोरहेछ । मन शुद्ध गर्ने क्रममा वाणी शून्य हुनु अति आवश्यक छ भन्ने कुराको पहिलो पाठ मैले त्यस ध्यान केन्द्रमा नै अनुभव गर्न पाएको हुँ ।

विपश्यना ध्यान भनेको भगवान् बुद्धले सिकाउनु भएको चित्त शुद्धि गर्ने अद्वितीय साधना हो । यस साधनामा स्वदेशी तथा विदेशी विभिन्न जातजातिका स्त्री पुरुषहरू राम्ररी समाहित भइरहेको देख्न सकिन्छ ।

ध्यान केन्द्रको मुख्य आकर्षण भन्नु नै विपश्यना ध्यानलाई क्रमिक रूपले सिक्दै जानु हो । ध्यान भन्ने कुरा सुनेर, पढेर वा लेखेर अनुभव गर्न सकिने कुरा होइन । यस विषयमा जानकारी लिन हामी स्वयं यसमा लाग्नुपर्छ । प्रत्येक दिन ध्यानको अभ्यास सकेपछि बेलुका ७ बजेदेखि ८:३० बजेसम्म गुरु सत्यनारायण गोयन्काको भिडियो प्रवचन सुन्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने विपश्यनाबारे विस्तृत व्याख्यासहित जीवनजगत तथा धर्म र धार्मिक आचरणबारे प्रत्येक दिन गुरुको नयाँ नयाँ कौतूहलपूर्ण भिडियो आख्यानबाट साधक साधिकालाई मार्गदर्शन गरिने यो परिपाटी आफैंमा सत्यम्, शिवम्, सुन्दरम्को त्रिवेणीले समाहित भएको प्रशंसनीय छ ।

विपश्यना ध्यान केन्द्रका नौला अद्वितीय नियमहरूमध्ये खानापिनको तौरतरिका पनि रमाइलो खालको छ । ध्यान गर्न आउने सबैलाई समान दृष्टिले व्यवहार गरिन्छ । ध्यान केन्द्रमा भिक्षु जीवन वा सन्यासी जीवनको झझल्को पनि हुन्छ । त्यस ध्यान केन्द्रको भान्छा घरमा आ-आफ्नो पात्र अर्थात् थाल लिई अरूबाट दान दिइएको भावमा जे जति दिइन्छ थाप्दै भोजन गर्ने नियम मलाई औधि राम्रो लाग्यो । हुन त दिइएको खाना पुगेन भने फेरि थपेर लिन पाइने प्रावधान पनि नभएको होइन । खाना सकिएपछि आ-आफ्नो थाल, कचौरा, गिलासहरू आ-आफैंले सरसफाई गरी बुझाउनुपर्ने परिपाटीले हामीमा भएको अहंभावलाई चकनाचूर पारेर समताको सद्बुद्धि प्रयोगात्मक तरिकाले प्रस्फुरण गराइराखेको अनुभव भयो । धनको मात, पदको अहम र बलको तुजुक देखाउनेहरू एकपटक यस ध्यान केन्द्रमा पुगे भने उनीहरूको अहंकार भष्म भई समभावमा ओर्लन पुग्छन् । त्यो हेर्न लायकको मात्र नभई अनुकरण गर्न लायकको पनि हुन आउँछ र अन्तत: यसले मानिसलाई विवेकशील बनाउन सहयोग गर्छ ।

ध्यान केन्द्रमा साधक साधिकाहरूले आभूषणबिना साधारण वस्त्र लगाउनुपर्छ । मानिसमा विविधता हुन्छ । अवश्य हो साधारण वस्त्र पहिरनले हामी वस्तुत: समान हौं, एकै हौं भन्ने बोध हुन्छ ।

सबैभन्दा मुख्य कुरा विपश्यना ध्यान केन्द्रको दश दिने ध्यान शिविरमा सहभागी भइरहँदा मलाई मनमा के अनुभूति हुँदै गयो भने असल जीवनयापनका लागि अति उत्तम यो विपश्यना ध्यानले जोकोहीको अशान्त मनलाई शान्त पार्न रामवाणको काम गर्दोरहेछ । मानिसको मन मस्तिष्कलाई आन्तरिक बल प्रबल रूपमा प्रदान गर्ने यो विपश्यना ध्यान अपरम्पार छ भन्नुमा अतिशयोक्ति हुने छैन । ■



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय – १३

( आठौं भाग )

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## झत्वा वर्ग

### [१. झत्वा सुत्त (१.८.१) नाश]

अलग्ग एक स्थानमा उभिरहेका त्यस देवताले भगवान् बुद्ध समक्ष यस गाथा प्रस्तुत गरे –

(भो भगवान् बुद्ध !) कुन तत्त्वलाई नाश गर्न सकेमा सुखपूर्वक सुत्न पाउने छ ?
कुन तत्त्वलाई नाश गरेमा शोक हुनेछैन ?
कुन एक धर्मलाई वध गर्नको लागि गौतम बुद्धले शिक्षा दिनु हुन्छ ?

भगवान बुद्ध–

क्रोधलाई नाश गर्न सकेमा सुख पूर्वक सुत्न पाउने छ !
क्रोधलाई नाश गरेमा शोक हुनेछैन ।
महाविषको मूलको रूपमा रहेको क्रोध जुन पहिला त ठीक लाग्नेछ
हे देवताहरू हो !
(त्यही क्रोधलाई) वध गर्ने कार्यलाई पण्डितहरूले प्रशंसा गर्छन्,
त्यसैलाई (क्रोधलाई) नाश गरेमा शोक हुनेछैन ।

### [२. रथ सुत्त (१.८.२) रथ]

देवता–

कुन तत्त्वलाई देखेर रथ आयो भनी थाहा पाउने ?
के देखेर कतै आगलागी भयो भनी थाहापाउने ?
कुनै पनि राष्ट्रको चिन्ह के हो ?
कुनै स्त्री कसको माध्यमले चिनिन्छ ?

भगवान बुद्ध–

झण्डालाई देखेर रथ आयो भनी थाहा पाउन सकिन्छ,
धुंवा आएको देखेर कतै आगलागी भएको भनी थाहा पाउन सकिन्छ,
राजा नै कुनै पनि राष्ट्रको चिन्ह हो,
कुनै स्त्री उनको पतिको माध्यमबाट चिनिन्छ ।

### [३. वित्त सुत्त (१.८.३) धन]

देवता–

संसारमा मानिसको सबभन्दा श्रेष्ठ वित्त (धन) कुन हो ?
कुन तत्त्वलाई कमाउन सकेमा सुख प्राप्त हुनेछ ?
रसहरू मध्ये सबभन्दा स्वादिष्ट रस कुन हो ?
मानिसको कस्तो जीवनलाई अरूले श्रेष्ठ जीवन भन्ने गर्छन् ?

भगवान् बुद्ध–

संसारमा मानिसको सबभन्दा श्रेष्ठ वित्त (धन) श्रद्धा हो ।
धर्म कमाउन सकेमा सुख प्राप्त हुनेछ,
रसहरू मध्ये सबभन्दा स्वादिष्ट रस सत्य हो,
मानिसको प्रज्ञा सहितको जीवनलाई अरूले श्रेष्ठ जीवन भन्ने गर्छन् ॥

### [४. वुट्ठि सुत्त (१.८.४) वृष्टि]

देवता–

उम्रेर आउने तत्त्वहरू मध्ये सबभन्दा श्रेष्ठ तत्त्व कुन हो ?
झरेर आउने तत्त्वहरू मध्ये सबभन्दा असल तत्त्व कुन हो ?
घुमिरहनेहरू मध्ये श्रेष्ठ कुन हो ?
बोलिरहनेहरू मध्ये उत्तम (मनपर्ने) कुन हो ?

भगवान बुद्ध–

उम्रेर आउने तत्त्वहरू मध्ये श्रेष्ठ तत्त्व बीउ हो ।
झरेर आउने तत्त्वहरू मध्ये सबभन्दा असल तत्त्व वर्षा हो ।
घुमिरहनेहरू मध्ये असल प्राणी गाईहरू हुन् ।
बोलिरहनेहरू मध्ये उत्तम (मनपर्ने) व्यक्ति पुत्र हो ।★
उब्जनी हुने तत्त्वहरू मध्ये श्रेष्ठ विद्या हो ।
पतन हुनेहरू मध्ये बढी शक्तिशाली अविद्या हो,
घुमफिर गरिरहने व्यक्तिहरू मध्ये श्रेष्ठ भिक्षु संघ हुन्,
वक्ताहरू मध्ये सर्वोत्तम बुद्ध हुनुहुन्छ ।

### [५. भीत सुत्त (१.७.५) डराउनु]

देवता–

संसारमा त्यत्तिका मानिसहरू किन डराएका छन् ?
अनेक प्रकारका मार्गहरू बताइएका छन्,
हे महाज्ञानी गौतम बुद्ध, मैले तपाइँसँग सोध्छु,
कहाँ रहनाले परलोक देखेर डराउनु पर्ने छैन ?

भगवान बुद्ध–

★ आफ्नो छोराले बढी बोले पनि आमा बुबालाई दिक्क लाग्दैन । - अट्ठकथा



Downloaded from http://www.dhamma.digital

वचन र मनलाई ठीक मार्गमा लगाउने,
शरीरबाट पाप आचरण नगर्ने,
अन्नपानले भरिपूर्ण भएको घरमा रहने,
श्रद्धालु, मृदु, एक आपसमा बाँडीचुँडी भोग गरी मेलमिलाप गरी बस्ने,
यी चारवटा धर्महरू (स्वभावहरू) मा रहनाले परलोक देखेर डराउनु पर्नेछैन ।

**[६. न जीरति सुत्त (१.८.६) पुरानो नहुनु]**

देवता–

कुन तत्त्व पुरानो हुन्छ, कुन तत्त्व पुरानो हुँदैन ?
कुन तत्त्वलाई खराब मार्गमा लाने तत्त्व भनिन्छ ,
धार्मिक कार्यमा बाधा बन्ने तत्त्व कुन हो ?
कुन तत्त्व रातदिन क्षय हुँदै गइरहेको हुन्छ ?
ब्रह्मचर्यको मल कुन हो ?
कुन तत्त्वलाई पानी विनाको स्नान (नुहाउने) भनिन्छ ?
लोकमा कतिवटा प्वालहरू छन् ?
जहाँ चित्त स्थिर रहँदैन ?
तपाईंसँग सोध्नका लागि आइरहेका छौं,
हामीहरूले यसलाई कसरी थाहा पाउने ?

भगवान बुद्ध–

मानिसहरूको रूप जीर्ण हुन्छन्,
उसको नाम र गोत्र जीर्ण हुँदैन ।
रागलाई खराव मार्गमा लाने तत्त्व भनिन्छ ।
लोभ धार्मिक कार्यमा बाधा बन्ने तत्त्व हो ।
आयु रात दिन क्षय हुँदै गइरहेको हुन्छ ।
स्त्री ब्रह्मचर्यको मल हो । यसैमा मानिसहरू फँस्ने गर्छन् ।
तप र ब्रह्मचर्यलाई बिना पानीको नुहाउने (स्नान गर्ने) भनिन्छ ।
लोकमा ६ वटा प्वालहरू छन्,
जहाँ चित्त स्थिर रहँदैन ।
आलस्य र प्रमाद, उत्साहहीनता र असंयम
निन्द्रा र तन्द्रा आदि यही ६ वटा प्वालहरू हुन् ।
यिनीहरूलाई हामीले सधैं त्याग्न सक्नुपर्छ ।

**[७. इस्सर सुत्त (१.८.७) ऐश्वर्य]**

देवता–

संसारमा ऐश्वर्य भनेको के हो ?
कुन सबभन्दा उत्तम बस्तु हो ?
लोकमा शास्त्रको मल कुन हो ?
लोकमा विनाशको कारण कुन हो ?
केही लग्ला भनेर डराई कसलाई रोक्ने गर्छ ?
लग्नेहरू मध्ये प्यारो कुन हो ?
फेरि फेरि आउनेहरू मध्ये कसलाई पण्डितहरूले अभिनन्दन गर्छन् ?

भगवान बुद्ध–

संसारमा वश (अधिकार) ऐश्वर्य हो,
स्त्री सबभन्दा उत्तम वस्तु हुन् ।
क्रोध लोकमा शास्त्रको मल हो ।
चोर लोकमा विनाशको कारण हो ।
चोरले चोरेर लान्छ भनेर डराई मानिसहरूले यसलाई रोक्ने गर्छ ।
लग्नेहरू मध्ये प्यारो भिक्षु हुन् ।
फेरि फेरि आउनेहरू मध्ये भिक्षुलाई पण्डितहरूले अभिनन्दन गर्ने गर्छन् ।

**[८. काम सुत्त (१.८.८) आफूलाई नदिनु]**

देवता–

परमार्थलाई कामना गर्नेले के दिनु हुँदैन ?
मानिसले कसलाई त्याग गर्न हुँदैन ?
कुन कल्याण बानीलाई अभ्यास गर्ने ?
कुन नराम्रो बानीलाई अभ्यास नगर्ने ?

भगवान बुद्ध–

परमार्थको कामना गर्नेले आफूलाई दिन हुँदैन,
मानिसले आफूलाई त्याग्न हुँदैन,
राम्रो वचन प्रयोग गर्ने कल्याण वानीको अभ्यास गर्ने,
नराम्रो वचन प्रयोग गर्ने आचरणलाई अभ्यास नगर्ने ।

**[९. पाथेय्य सुत्त (१.८.९) राह (बाटो) खर्च]**

देवता–

केबाट बाटो खर्च प्राप्त हुनेछ ?
भोगको वास केमा हुन्छ ?
मानिसलाई कसले घिसार्दै लान्छ ?
संसारमा केलाई छोड्न बडा कठीन हुन्छ ?
यी सबै सत्त्वप्राणीहरू केमा अल्झिएका छन् ?
जसरी पंक्षीहरू जालमा फँसिएका हुन्छन् ?

भगवान बुद्ध–

श्रद्धाको तर्फबाट बाटो खर्च प्राप्त हुनेछ ।
ऐश्वर्यमा सबै भोग वास गरेको हुन्छ ।
इच्छाले मानिसलाई घिसार्दै लगेको हुन्छ ।
संसारमा इच्छालाई छोड्न बडा कठीन हुन्छ ।
त्यत्तिका प्राणीहरू आ-आफ्ना इच्छामा अल्झिएका छन् ।
जसरी पंक्षीहरू जालमा फँसिएका हुन्छन् ।


Downloaded from http://www.dhamma.digital

## [१०. पज्जोत सुत्त (१.८.१०) प्रद्योत]

देवता–

लोकमा प्रद्योत भनेको के हो ?
लोकमा बिउँझिरहने (थाहा पाइरहने) को हो ?
प्राणीहरू मध्ये काममा सहायक को हो ?
र उसको हिंड्ने बाटो कुन हो ?
कसले अलसी र उद्योगी दुबैको रक्षा गर्दछ ?
आमाले आफ्नो छोरालाई रक्षा गरे जस्तै ?
कसको कारणले सबैले जीवन धारण गर्दछ ?
जति पनि प्राणी पृथ्वीमा रहन्छन् ?

भगवान बुद्ध–

प्रज्ञा लोकमा प्रद्योत हो ।
स्मृति (सचेत) लोकमा बिउँझीरहन्छ ।
प्राणीहरू मध्ये बयल (गोरु) काममा सहायक हुन्छ ।
अनि खेतमा जोत्ने उसको बाटो हो ।
वृष्टिले अलसी र उद्योगी दुबैको रक्षा गर्छ,
आमाले आफ्नो छोरालाई रक्षा गरे जस्तै ।
वृष्टि भएमा सबैले आफ्नो जीवन धारण गर्न सक्छन्,
पृथ्वीमा जति पनि प्राणीहरू रहन्छन् ॥

## [११. अरण सुत्त (१.८.११) क्लेशबाट अलग्ग]

देवता–

लोकमा को क्लेश रहित हुन्छ ?
कसको ब्रह्मचर्यवास बेकार हुँदैन ?
कसले इच्छालाई राम्ररी चिन्दछ ?
को कसैको दास कहिले पनि हुँदैन ?
माता, पिता र दाईले कुन आदरणिय ब्यक्तिलाई वन्दना गर्दछ ?
कुन जात नभएको मानिसलाई क्षेत्रियहरूले पनि अभिवान गर्दछ ?

भगवान बुद्ध–

श्रमण लोकमा क्लेश रहित हुन्छ ।
श्रमणको ब्रह्मचर्यवास बेकार हुँदैन ।
श्रमणले इच्छालाई राम्ररी चिन्दछ ।
श्रमण कहिले पनि कसैको दास हुँदैन ।
प्रतिष्ठाका पात्र आदरणिय श्रमणलाई माता, पिता र दाईले पनि अभिवादन गर्दछ ।
जाती हिन श्रमणलाई क्षेत्रियहरूले पनि प्रणाम गर्छन् ॥

**झत्वा वर्ग समाप्त ॥**

**देवता संयुत्त समाप्त ॥**

# धर्म सेनापती धम्मवती

✍ **अमृतमान शाक्य, इतुं बहाः यैं**

भिन्तुना दु भिन्तुना
धम्मवती गुरुमाँ यात
न्ययदँ क्यन थनी
अभिन्नदन याना
धम्मवती आर्याथात ।

मनू जुया हुनी
थःगु लागि म्वाय्‌गु मखु
सकेसिया लागी खः
संघर्ष याना म्वाय्‌मा धका
धम्मवती भिक्षुणी जुया ।

संघर्ष याना कागु ज्ञान
थःके जक मतसे
इनाविइम्ह खः वयक
ई नाप जूसा मनू जुया म्वायदै
धम्मवती गुरुमाँ ।

थःजक ज्ञानी धाइ मखु
सम खनिम्ह खः
नेपा माँया म्ह्याय्‌मचा खयानं
धर्म सेनापती जुया
धम्मवती आर्या ।

बुद्धया जन्म भूमी जन्म जूम्हः
बर्मा देशे थ्यंसानं
कर्म भूमिला थनहे खः
लोमनिमखु लितुमतु ल्यूगु
हाकुगु गुं त्वतानं
धम्मवती आर्या ।

भिन्तुना दु भिन्तुना
छिगु मनं तुनाथें
मनू जुया सुर्द्योयाजः थें
जन्मजुयाया सार पुवनी थनसं
धम्मवती आर्या ।



Downloaded from http://www.dhamma.digital

# रिसले वैरभाव शान्त हुँदैन

✍ भिक्षु अश्वघोष

आजको युगलाई वैमनष्यपूर्ण युग भन्नु बढी हुँदैन होला । किनकि कतै शान्ति छ भन्ने कुरा सुन्न पाईदैन । जताततै महत्वाकांक्षी नै महत्वाकांक्षी । इर्ष्याका कारण परस्परमा षडयन्त्र र अविश्वासको वातावरण छाएको छ । कतै शान्ति छैन । बुद्धको पालामा पनि शान्तिको वातावरण त्यति थियो जस्तो लाग्दैन । किनकि बुद्धले उच्च शान्तिको लागि नभै नहुने मैत्रीगुण र अल्पेक्ष गुण धर्मको उपदेश दिनुभएको थियो । मैत्री चित्त हुँदाखेरी अरूको अहित र हानी हुने (मनैदेखि) कल्पना गर्दैन रे । यसको विपरित अमैत्री र महत्वाकांक्षी व्यक्तिले ठूलो अनर्थ गर्न सक्छ फूट ल्याउँछ ।

बुद्धले स्थापना गर्नुभएको भिक्षु संघमा शाक्य कूलको देवदत्त नामको भिक्षुको ठूलो स्थान थियो । उनी प्रभावशाली व्यक्तित्व थिए । तर उनको महत्वाकांक्षा र पदलोलुपताले गर्दा उनले पतन हुने काम गर्न थाले । उनले चिन्तन गर्न थाले– धेरै मानिसहरूले बुद्धलाई र सारिपुत्र तथा मोद्गल्यायन प्रमुख शिष्यहरूको मात्र सम्मान गर्छन्, दान दिन्छन्, मलाई वास्तै गर्दैनन् । उसको मन ईर्ष्याले पोलेको थियो । अब के गरेकोले अरूको ध्यान आफूकहाँ आकर्षित गर्न सकिन्छ भनेर उनले सोच्न थाले । आफू शुद्ध र आचरणनिष्ठ हुँ भन्ने देखाउन उनले बुद्धकहाँ गएर भने भिक्षुहरूको लागि नयाँ कडा नियम बनाउनुपर्‍यो जस्तै कि (क) भिक्षुहरू जंगलमा बस्नुपर्छ, विहारमा (घरमा) बस्नु हुँदैन । (ख) भिक्षाटन गरेर मात्र जीविका गर्ने, अरूले दान दिएको भोजन नगर्ने । (ग) मसानमा र धूलोमा फ्याँकेको कपडा बटुलेर चीवरवस्त्र लगाउने, श्रद्धावानहरूले दान दिएको वस्त्र नलगाउने (घ) माछा मासु नखाने शाकाहारी हुने आदि ।

भगवान् बुद्धले देवदत्त भिक्षुको प्रस्तावलाई अव्यवहारिक र षडयन्त्र भनी बुझेर उनलाई भन्नुभयो– इच्छा हुनेहरू जंगलमा बसे पनि हुन्छ, विहारमा बसे पनि हुन्छ । शाकाहारी बन्न चाहे पनि आ-आफ्नो खुशी र अरूले पकाएर दिएको भिक्षा खाए पनि हुन्छ । मसानमा फालिराखेको कपडाको वस्त्र लगाए पनि हुन्छ र अरूले दान दिएको पनि लगाए हुन्छ । कुनै आपत्ति छैन । बुद्धले देवदत्तलाई चेतावनी दिंदै भन्नुभयो– संघलाई अप्ठचारो हुने र संघमा फुट हुने खालको नियम, नीति लागू गर्ने कोशिस नगर्नु । यस्तो चालले तिम्रो भलो हुने छैन, संघलाई पनि राम्रो हुने छैन । अव्यवहारिक नियमको कुरा नउठाउनु ।

त्यसपछि देवदत्त भिक्षुहरूकहाँ गएर भन्नथाले- हेर साथीहरू, मैले धार्मिक नियम बनाउनुपर्छ भनी प्रस्ताव राखेको थिएँ, तर बुद्धले तिरस्कार गर्नुभयो । मैले राखेको प्रस्ताव साथीहरूलाई कस्तो लागेको छ ? राम्रो छ कि छैन ?

कच्चा बुद्धि भएको एक समूहले राम्रै प्रस्ताव राख्नुभएको हो, किन बुद्धले तिरस्कार गर्नुभएको होला । यो त बुद्धले ठीक काम गर्नुभएन भने । देवदत्तको नयाँ नीति प्रस्ताव भिक्षु जीवनको लागि एकदम उपयोगी र ठीक नियम हो । हामी देवदत्तको प्रस्तावको पक्षमा छौं भनेर अपरिपक्व अदूरदर्शी बुद्धि भएका एक भिक्षु समूह फुटेर गयो ।

उनीहरूले बुद्धलाई मार्न समेत अनेक षड्यन्त्र गरेका थिए, तर असफल भए । बुद्धले भन्नुभयो– देवदत्तले संघ भेद गरेर पतन हुने काम गरेको छ । गर्नै नहुने भेद ल्याएर भिक्षु संघमा फुट ल्याएर नराम्रो काम गर्‍यो ।

केही समयपछि भगवान् बुद्धले सारिपुत्र र मोद्गल्यायन शिष्यहरूलाई भन्नुभयो– फुटेर गएका भिक्षुहरूलाई समझाई दिनु देवदत्तको हा-हामा लागेर गएका भिक्षुहरू, मैत्रीपूर्वक पूर्वाग्रहरहित भई ठण्डा दिमागले विचार गर । पछि पश्चाताप गर्न नपरोस् । बुद्धको शिक्षालाई छोड्न हुँदैन । देवदत्त महत्वाकांक्षी हुन् । राम्रो विचारका होइनन् । बुद्धलाई पनि मार्न खोज्ने व्यक्ति हुन् । जाऊ बुद्धकहाँ गए र क्षमा माग अनि तिमीहरूको भलो हुन्छ । फुटेर गएका भिक्षुहरूले महसूस गरे– फुटेर आएको ठीक भएन । एकतामै सुख छ । **"सुखा संघस्स सामग्गी"** भनेर बुद्धकहाँ गएर क्षमा मागी भिक्षु संघमा सम्मिलित भए । देवदत्त र एक दुईजना उनका चेलाहरू मात्र फुटेर बसे ।

केही समयपछि केही बुद्धिजीवीले बुद्धकहाँ गएर सोधे– भगवान् तपाई जस्ता गुरु भएको भिक्षु संघमा कसरी देवदत्त जस्ता महत्वाकांक्षी भिक्षुको प्रादुर्भाव भयो, तपाईले किन अनुशासनमा राख्न सक्नु भएन ?

बुद्धले उत्तर दिनुभयो- खेतमा धान रोप्दा खेरी घाँस पनि उम्रेर आउँछ । त्यस्तै घाँस जस्तै देवदत्त जस्ता भिक्षुहरूको पनि प्रादुर्भाव हुन्छ । म त मार्गप्रदर्शक मात्र हुँ, कसैलाई तह लगाउने जिम्मा मैले लिएको छैन । उसले गरेको पाप उसैले भोग्नुपर्छ ।


Downloaded from http://www.dhamma.digital

मैत्रीभाव र उपेक्षा मात्र औषधि हो । अरू उपाय छैन । अरूप्रति स्नेह र माया हुने गुणलाई नै मैत्री भनिन्छ । क्रोध र घृणाको विरुद्ध र प्रतिशोध भावना नआउने बानीलाई नै मैत्री भनिन्छ । अर्को भाषामा भन्ने हो भने अरूको चित्त नदुख्ने बोली बोल्नु र काम गर्नुलाई पनि मैत्री भनिन्छ । शान्तपूर्वक जीवन बिताउनको लागि मैत्री चित्त अचूक औषधि भने पनि हुन्छ । यो अभ्यास गरेर अनुभव गर्नुपर्ने र बुझ्नुपर्ने कुरो हो । यस कुरा बुझ्नको लागि एउटा घटना प्रस्तुत गर्दछु ।

परस्पर कट्टर विरोधी र शत्रुभावना राख्ने दुईजना मन्त्रीहरू थिए । यी आजभोलिका मन्त्रीहरू होइनन् । बुद्धकालीन राजा कोशल नरेशका दायाँ हात र बायाँ हातको रूपमा रहेका दुई जना मन्त्रीहरूको बीच भएको शत्रु भावनाको कुरा गर्दैछु । यी दुवै जना मन्त्रीहरू कोशल राजाका सल्लाहकार थिए । तर मानिसहरूको चरित्र विचित्रको हुँदोरहेछ । ईर्ष्या र द्वेष चित्तले ठाउँ लिएपछि मानिसहरूलाई बहुला नै बनाइदिंदो रहेछ । अरूलाई अर्ति, बुद्धि र सल्लाह दिन जाने तापनि आफूलाई अर्ति र सल्लाह दिनुपर्ने बेला बुद्धि नै हराउने रहेछ । परस्पर भेद, कलह ईर्ष्या र द्वेषको कारणले उनीहरू एकले अर्कोलाई बिगार्ने र खुट्टा तान्ने कुकर्महरूको खोजी गर्दै हिंड्दा रहेछन् । कोशल राजाका मन्त्रीहरू पनि यस्तै खालका रहेछन् । एकले अर्काको खुट्टा तान्ने र आफू मात्र माथि पुग्ने धुनमा मस्त थिए दुवैजना । मन्त्रीहरूको चरित्रबारे कोशल राजालाई राम्रै ज्ञान थियो । उनले नराम्रो चरित्रलाई हटाई दुवैजना मन्त्रीहरूलाई मिलाउन प्रयत्न नगरेका पनि होइनन् । तर सबै व्यर्थ । राजालाई भने दुवै मन्त्री नभई नहुने । तर दुवै आगो र पानी बनिरहेको कारणले राजा दिक्क हुन पुगे । अन्तमा राजाले निर्णय गरे "यी दुवै मन्त्रीहरूको बीचमा भइरहेको शत्रुताको भावनालाई मित्रतामा बदल्नका लागि बुद्ध बाहेक अरू कसैले सक्दैन ।" यस्तो विचार गरेर राजा बुद्धसमक्ष आफ्ना मन्त्रीहरूको शत्रुताले गर्दा उब्जिएको आफ्नो दु:खको कुरो पोख्न पुगे ।

गौतम बुद्ध "राजाको कुरो सुनिसकेपछि भोलिपल्ट विहानै एकजना मन्त्रीज्यूको घरमा जानुभयो । भोजनपछि बुद्धले उपदेश दिंदै भन्नुभयो– "मन्त्रीज्यू, मानिसको मनमा द्वेषभाव रहुन्जेल ऊ कहिले पनि राम्ररी सुत्न सक्दैन । उसको मनमा शान्ति पनि हुँदैन । किनभने आफूलाई मन नपरेको व्यक्तिको संझना आउने बित्तिकै रीस उठ्न थाल्छ । बदला लिने इच्छाले उसको शरीर तातेर शरीर नै भारी हुन थाल्छ । शत्रु भावको कारणले उसको मनमा पीर र चिन्ता हराउँदैन । मनमा आनन्दले ठाउँ लिन सक्दैन । तर साँच्चिकै सुख जीवन जिउने हो भने आफूलाई चिन्ताबाट मुक्त गराउन सक्नुपर्छ । मैत्री चित्तसहितको मानिसले जहाँ गए पनि मित्र र साथी भेट्टाउन सफल हुन्छ । त्यसैले उसको जीवन भय त्रासरहित भई आनन्दमय हुनेछ ।

तथागतको उपदेश सुनेर मन्त्रीको कठोर मन पग्लियो । त्यो मन्त्रीले विचार गऱ्यो– "बुद्धले त मलाई नै ताकेर उपदेश दिनुभएको रहेछ मेरो अर्को मन्त्रीसँग वैरभाव भइरहेको कुरा बुद्धले थाहा पाउनुभयो होला । साँच्चै नै हामी दुईबीचको शत्रुताले गर्दा मेरो मनमा रिसइवी रूपी आगोले पोलिरहेको छ । त्यसैले मेरो मनमा पटक्कै आनन्द र शान्ति छैन । एकदिन मरेर जानपर्ने यो जीवनमा केको शत्रुता वैरले वैर शान्त हुँदैन, मैत्रीभावले मात्र वैर शान्त हुन्छ । यो बुद्ध वचन शाश्वत र सत्य हो । यस्तो ज्ञानले भरेको कुराको विचार गरी मन्त्रीले बुद्धसमक्ष यस्तो प्रतीज्ञा गर्न थाल्यो– "भगवान्, मैले तपाईंको उपदेशलाई राम्ररी बुझें । अबदेखि म कसैसँग द्वेषभाव र शत्रुभाव नराख्ने कोशिस गर्छु । मन्त्रीको मन निर्मल भएकोले अनुहार पनि विस्तारै तेजिलो हुँदै आयो । मन्त्रीको हृदय परिवर्तन भएको देखेर गौतम बुद्धले यसरी विचार गर्नुभयो– "यी मन्त्रीलाई साथमा लिएर अर्को मन्त्रीको घरमा जानु राम्रो हुनेछ ।"

बुद्ध दुवैजना मन्त्रीलाई मिलाउने लक्ष्य लिनु हुँदै अर्को मन्त्रीको घरमा जानुभयो । उता अर्को मन्त्रीलाई आफ्नो शत्रु बनिरहेको मन्त्रीलाई साथमा लिई बुद्ध आफ्नो घरमा आउनुभएको देखेर आश्चर्य लाग्यो । तथागतलाई आशन बिछ्याई सम्मानपूर्वक बन्दना गरी यथास्थानमा बस्यो । बुद्धसँगै गएको मन्त्री मुसुमुसु हाँस्दै बसेको देखेर अर्को मन्त्रीलाई पनि हाँस्न करै लाग्यो । बुद्धले पहिले जस्तै मैत्री चित्तको महिमा र शत्रुताको दुष्परिणामको व्याख्या गर्नुभयो ।

दोस्रो मन्त्रीले भन्न थाल्यो– मेरो घरमा तपाईंको आगमन भएको कारण मैले राम्ररी बुझें । मलाई क्षमा गरिदिनुस् । ममा ज्ञान र प्रज्ञाको अभाव भइराखेकोले र महत्वाकांक्षाले स्थान लिइराखेको कारणले गर्दा मेरो जीवन अशान्तिमय बनिराखेको हो । अबदेखि हामी दुवै मन्त्रीहरू परम मित्र भएर रहने छौं ।

यसरी बुद्धको धर्मदूत र शान्तिदूतको कार्य सफल भयो । आगो र पानीको स्वभाव लिएका दुवै मन्त्रीहरू दूध र पानीको स्वभाव लिई सफल जीवन बिताउन थाले । यसलाई नै मैत्रीको चमत्कार भन्न सकिन्छ । ■


Downloaded from http://www.dhamma.digital

# सतिपट्ठान ध्यान – एक अनुभव

✍ **उपासिका हिरि दीपंकरमाला**, महिला बौद्ध संघ, बागलुङ

धौलागिरी अञ्चलको सदरमुकाम बागलुङ जिल्लाको बागलुङ नगर पालिकामा २०५६ सालको कार्तिक ३ गतेदेखि १४ गतेसम्म संचालन भएको प्रथम सतिपट्ठान विपस्सना ध्यान शिविरमा, मेरो परिवारको सहयोग र सल्लाह अनुसार मैले पनि भाग लिएकी थिएँ । कार्तिक ३ गते विजया दशमीको दिन मलाई विहानदेखि नै निकै खुशी र उमंगले छाएको थियो । किनकि त्यस दिन दशैंमा टीका लगाउँदै घरघरमा घुम्नु थियो भने अर्कोतिर साँझ ६ बजे ध्यान शिविरमा प्रवेश पनि गर्नुथियो । दशैंको टीका लगाउनुभन्दा ध्यान शिविरको लागि तयारी गर्न गुण्टा कस्नु र आवश्यक सामान मिलाउनु र चिनेजानेको मानिसलाई म आज ध्यान बस्न जाँदैछु "भन्दै हिंड्नुमा नै बढी प्रसन्नता छाएको थियो ।

मेरा छोराछोरीहरूले सामान बोकी ध्यान शिविरमा मलाई छाड्न आउँदा, त्यहाँ पस्नासाथ मलाई एउटा नयाँ दुनियाँमा प्रवेश गरेको अनुभव भयो । राती ८ बजे श्रद्धेय भन्ते त्यस ध्यान शिविरका ध्यान निर्देशक भिक्षु विशुद्धानन्द 'प्राणपुत्रले' ध्यान निर्देशन दिनुभयो र भोलिपल्ट विहान ४ बजे देखि हाम्रो ध्यान र आर्यमौन शुरू भयो ।

म भने ध्यान बस्नको लागि १० मिनट पनि पलेटी कसेर बस्न नसक्ने हुनाले भन्तेलाई पहिले नै मैले– "खुट्टा सार्न हुन्छ कि हुँदैन" भनी सोधेकी थिए । उहाँले सार्नु हुन्छ भन्नुभयो । त्यसैले ५/५ मिनटमा खुट्टा चलाउने गर्थें । प्रत्येक दिन दिउँसो ध्यान सम्बन्धी धर्मदेशना हुन्थ्यो । तर मेरो ध्यान भने खुट्टा दुःखेर खुट्टा सार्नुमा मात्र जान्थ्यो ।

तेस्रो दिनमा भन्तेले हात नचलाउने अधिष्ठान गराउनु लगाउनुभयो । हात नचलाइकन खुट्टा मात्र चलाएँ । फेरि भोलिपल्टबाट अरू पनि अधिष्ठान हुन्छ भन्नुभयो । तब मलाई साह्रै नै चिन्ता लाग्यो । किनकि अब अधिष्ठान गराउँदा खुट्टा पनि चलाउन नदिने होला भनेर रातभरी चिन्ता लाग्यो– भोलिबाट म कसरी बस्ने होला, शिविर छाडी जाउँ समाजले के भन्ने होला भनी ! फेरि अर्को मनले म आज पुरा आर्यमौन पालन गरेर बस्नेछु, साथीहरूले जति जिस्काए पनि बोल्ने छैन र मरेर जानु परे पनि खुट्टा पनि चलाउने छैन भनी अठोट गरें ।

भोलिपल्ट ४ बजे विहान उठेर हातमुख धोइसकेपछि ध्यान कोठामा पसी ध्यान बस्दा मुश्किलले बसें र एकपल्ट मात्र खुट्टा सारें । ६ बजे ध्यान निर्देशकज्यूले आजबाट खुट्टा पनि नचलाउने भनी अधिष्ठानको निर्देशन दिनुभयो । त्यसैले ८ बजेको ध्यानमा जसरी भएपनि अधिष्ठान पूरा गर्छु भनेर अठोट लिएँ र ध्यान बसेर बडो मुस्किलले पुरा पनि गरें ।

त्यसभन्दा अघि भन्तेज्यूले ३ वर्षसम्म कति धर्मदेशना दिनुभयो, कति पढाउनु भयो, जाँच लिनु भयो, जाँचको बेलामा पनि चोरले झैं किताबमा आँखा लगाउँथें र भन्थे । कतिपल्ट त भन्तेप्रति रिसाउँथे पनि ।

तर पाँचौ दिनबाट मैले भन्तेज्यूलाई राम्ररी चिनें । उहाँ रिसाएर किन हामीलाई गाली गर्नुहुन्छ भनेर, वास्तवमा हामीलाई सुमार्गमा लानको निम्ति, आफू पनि रातदिन नभनी, भोक र प्यास नभनी लाग्नु भयो । त्यस दिनबाट बुद्धले दिएको उपदेश मलाई झट्ट याद आयो– "हजारौं लडाइँ जित्नुभन्दा आफूलाई, आफ्नो मनलाई जित्नु ठूलो विजय हो ।"

छैठौं दिनमा मैले आफ्नो मनलाई जितें भनेर मनमनै ठूलो स्वरले कराएँ र खुशी पनि भएँ । हाम्रो डरलाग्दो शत्रु त मन पो रहेछ । शत्रु बनाउने पनि मन नै रहेछ, मित्र बनाउने पनि मन नै रहेछ । यस ध्यान भावनाबाट शील, समाधि, प्रज्ञा पनि यही मनबाट उत्पन्न रहेछ भनेर पनि बुझें । जुनपनि राम्रो काम गर्छु भनेर अठोट गरेर गर्छु भन्यो त्यो पनि वीर्यद्वारा रहेछ । अर्को अनित्य, दुःख, अनात्म भनेको पहिला थाहा थिएन, यही ध्यान बसेर थाहा भयो । मेरो भन्नु केही पनि रहेनछ । सबै विनाश भएर जाने छोरा-छोरी, आमा-बुबा, घर भन्ने सबै अनित्य रहेछ । संसार दुःख नै दुःख रहेछ । म पहिला सोच्दथें– "म गरिब छु, मेरो इच्छा कहिले पनि पुग्दैन, इच्छा गरेको कहिले पनि पाउँदैन र पुराईदिनु है भगवान" भन्दै पूजा गर्थें, हाँसको अण्डा चढाउँथे, बली पनि दिने गर्थें । अब मैले बुझें दुःख भनेको मनबाट उत्पन्न हुँदोरहेछ । बिलाएर जाने रहेछ । इच्छा गरेको वस्तु तुरुन्तै नपाउने रहेछ, त्यो फेरि फर्केर नआउने पनि रहेछ । निरन्तर बगेर गएको गऐ हुँदोरहेछ । हाम्रो पनि धेरै धेरै उत्पन्न हुँदोरहेछ र बिलाएर जाने रहेछ ।

भगवान बुद्धले ६ वर्षसम्म तपश्या गरी प्राप्त गर्नुभएको चार आर्यसत्य ज्ञान कति महान रहेछ । पूज्य भन्तेज्यूले यी ज्ञानलाई हामीलाई कति परीश्रम गरी बुझाउनु भयो, उहाँलाई पनि महान ठान्दछु र हृदयदेखि श्रद्धा गर्दछु ।

यो शरीर सिंङ्गै ठानेको थिएँ तर सिंगै, एउटै रहेनछ । राम्रो, नराम्रो चिनाउने संज्ञा रहेछ । गरुङ्गो, नरम, तातो-चिसो, न्यानो हुने, खुम्चिने, तन्किने आदि चार महाभूत रहेछन् ।

दुःखको कुरा ४३ वर्षसम्म थाहा नपाएको कुरा १० दिनको ध्यान शिविरमा नामरूप बारे बुझें । घर व्यवहार मा बसेर यी कुराहरू जान्न नसकिने रहेछ । त्यसैले ध्यान शिविरमा गएर नै अनुभव गर्नुपर्ने रहेछ भनी बुझें–

भवतु सब्ब मंगलः



Downloaded from http://www.dhamma.digital

# दान–१

✍ सुवर्णमान तुलाधर

थ:गु सम्पत्ति, श्रम, सेवा, सीप प्रत्युपहारया आशा मतसें प्रसन्न चितं करपिन्त अर्पण यायेगु "दान" या साधारण अर्थ ख: । अर्थ-दान, विद्या-दान, सेवा-दान, श्रम-दान, रक्त-दान न्ह्यागु दान थजु, दातापिन्सं परआवश्यकतायात स्वआवश्यकता तायेका: परहितार्थ दान बिइ । बुद्ध धर्मे दशपारमिताया अग्र पंक्तिइ दान-पारमिता लाकात:गु दु । दस राज्य धर्मे सर्ब प्रथम धर्म-दान हे ख: । झिगू बोधिसत्व चर्यायुनं दानया हे अग्रणी स्थान दु । महाबोधिसत्वं न्हापां थ:म्हं दानयागु अतुलनीय अभ्यास याय् धुंका: तिनि थुकिया महिमा मेमेपिन्त बोध याना बिज्यात । महाबोधिसत्वं याना बिज्या:गु दानया वर्णन-गाथा बौद्ध वाङमयय् थथेदु:

**"सो सागरे जलधिकं सधिरं अदासि**
**भूमिं पराजिय समांस मदासि दानं ॥**
**मेरुप्पमाणा मधिकञ्च समोलिसीसं**
**रवे तारकाधिक तरं नयनं अदासि ॥"**

भावार्थ, सागरया ल: स्वया:नं अप्व: थ:गु हि दान बिया बिज्यात । पृथ्वीया चा स्वया:नं अप्व: थ:गु ला दान बिया बिज्यात । सुमेरु पर्वत स्वया: नं अप्व द्वोंचिंक थ:गु मुकुट सहितगु छ्यों दान बिया बिज्यात । आकाशया नगु स्वया:नं अप्व: मिखा दान बिया बिज्यात ।

दान कार्य निगू प्रकारया भावं सिद्ध जू, पूजा अनुगृहित भाव व अनुकम्पा भाव । पूजनीय व अनुगृहित जुये बह:पिं श्रद्धेय बा: मां अथवा शीलवन्त गुणवन्तपिंत बिइगु दानयात पूजा भावं ब्यूगु दान धाइसा करूणा चाया: अशक्त असहाय दीन-दु:खी दरिद्रपिन्त बिइगु दानयात अनुकम्पा भावं ब्यूगु दान धाई ।

दातां थ्व दान बिया: जित थथे जुइमा थ्व प्राप्त जुइमा धका दान या:सा थज्या:गु दानयात आशाकुतिपहगु दान धाइ । छुँ प्राप्त यायेगु आशां बिइगु दान ब्याज कायेगु आशां त्याये बिइगु दां थें जक ख: । दान धैगु फाइदाया आशां बियेगु मिलेमजू । छुं लोभ मयासे बिइगु जुइमा । फलाशा मतसें दान यायेगु धायेवं प्राण घातक अस्त्र, बीख, मादकपदार्थ आदि दान यायेगु नं मिलेमजू । अथेंतुं रोगीयात मनीगु नसा त्वंसा, प्रव्रजित पुरुषयात बहुमूल्य वस्तु दान यायेगु नं मिले मजू ।

बांला:गु बुईं पुसा होसा आपा अन्न सइ । अथें तुं योग्य पात्र शीलवन्तपिन्त बिइगु दानं महाफल प्राप्त जुइ । अङ्कुर जुजुं कैयन वर्ष तक्क महादान याना बिज्यात । तर वसपोलया महादाने योग्य पात्र छम्ह हे मदुगु जुल । इन्दक नांम्ह निर्धन छम्ह मनुखं थ:गु जीवन हनेत न्ह्यिथं फ्वना जुल । छन्हु फ्वंवंबले छथाय् वयात चम्चां छतु भोजन प्राप्त जुल । उगु हे इले भिक्षा बिज्या:म्ह अनिरूद्ध महास्थवीरयात खना इन्दकं थ:त लाभ जूगु छगू चम्चा भोजन नं वसपोलयात हे श्रद्धापूर्वक दान बिल । थ्व दानमय कुशल पुण्यया प्रभावं उम्ह इन्दक लिपाया जन्मे देवलोके अङ्कुर देवपुत्रया रूपे उत्पन्न जुया बिज्यात । अथे धका: गुणहीनपिं दरिद्रपिन्त दानबिया पुण्यलाइ मखु धका: नं मत्ती तये मज्यू । छायकि, न्ह्याम्हं हे प्राणीपिं थ जुइमा अमिप्रति करूणा तया: अपिं सुखी जुइमा धैगु मनोकामनां अमित छुं नकेगु त्वंकेगुलिं पुण्य प्राप्त जुइगु खँ न्ह्यागगु धर्म ग्रन्थे नं उल्लेख जुया च्वंगु दु ।

बिइगु तत्व वस्तु कथं दानयात स्वंगू प्रकारे ब्वथले फु: (१) आमिस दान (२) अभय दान व (३) धम्म दान ।

थ:गु शरीरे च्वंगु गथे कि मिखा, मृगौला, मुटु, हि, ला आदि वा शरीरं पिनेयागु वस्तु गथेकि नसा, त्वंसा छैं, वस: दान बिइगु यात "आमिस दान" धाइ । भयं मुक्त याना बिइगु अर्थात असुरक्षित अवस्थाय् लाना च्वंम्हेसित सुरक्षा प्रदान यायेगुयात "अभय दान" धाइ । लखे दुने दुबेजुइत्योंम्हेसित रक्षा यायेगु, ब्याधाया ल्हातं झंग:या जीवन रक्षा यायेगु, रोगीयागु ल्वय्यात शान्त याना बिइगु रोग ब्याधिं मुक्त यायेत औषधोपचारया निंति अस्पताल स्वास्थ्य केन्द्र स्थापना यायेगु, उपचार सेवा उपलब्ध याना बिइगु आदि अभयदान अन्तरगत ला: । मनूते चरित्र सुधार हइकथंयागु धर्म देशना, धार्मिक प्रवचन, कथा-वाचन आदियात "धम्मदान" धाइ । धम्मदान फुक्क दानयात त्यांकीगु दकसिंवे त:धंगु दान ख: । "सब्ब दानं धम्म दानं जिनाति" धैगु बुद्ध वचन दु ।

दातात स्वंगू प्रकारया दु: (१) दानदास (२) दान सहाय व (३) दानपति । गुम्ह मनुखं थ:म्हं सा:गु नसा नया मेपिन्त मसा:गु भोजन याकइ वैत दान दास धाइ । गुम्ह मनुखं थ:म्हं गज्या:गु नयागु ख: त्वनागु ख: अज्या:गु हे मेपिन्त नं नकइ त्वंकइ वैत "दान सहाय"



Downloaded from http://www.dhamma.digital

धाइ । गुम्ह मनुखं थम्हं गज्या:गु भोजन यानागु ख: वयासिवे उत्तमगु भोजन मेपिन्त प्रदान याइ वैत "दानपति" धाइ ।

घागरान दानपति धका: नां कायेके, समाज सेवीकथं नामुद जूथें, बिभूषण, मान पदवी त्याके आदि मनोरथ सिद्धिया निंतिं अधिकांश आर्थिक सहयोग दाता पिन्सं थ:म्हं यानागु दानया बिज्ञापन व प्रचार या: याकू । इपिं प्रचार प्रसार मा:पिं प्रचार प्वगिं ख: । दातातयगु थ्व हे कमी कमजोरी या फाइदा कायेत दानयागु शाश्वत यथार्थतायागु छुं परवाह मतसें "निर्धारित रकम प्रदान या:म्ह दाताया नां सार्वजनिक प्रचार, रेडियो, टि.भिं. प्रसार, पत्रिकाय् प्रकाशन, शीलापत्रे अंकित, भवनादिया नामाकरण, प्रतिमा पलिस्था आदि जुई ... ..." धका: चन्दा संकलक समाजसेवी, भन्ते गुरुमाँ पिन्सं दातातय्त धायेगु याना च्वंगु न्यने स्वये दु । थ्व फुक्क फगत नां प्रचारया लालसाक्यना: दाता संख्या व दातब्य रकम अप्वयेकेया निंतिं हे मखा ? परन्तु थथे दानया विज्ञापन प्रचार प्रसार यायेगुयात फुक्क धर्मं निषेध याना त:गु दु । थुकिं दानया पुण्य फल क्षीण (म्हो) जुइ धैगु धार्मिक कथन दु । "जवगु ल्हातं ब्यूगु दान खवगु ल्हातं हे मसी मा:" धैगु धर्म शास्त्रया वचन दु । अकिं थ:म्ह यानागु दानयात यथाशक्य गोप्ययाना तये मा: । गुप्त दान – महादान ख: धका: फुक्क धर्म ग्रन्थय् वर्णन जुया च्वंगु दु । निर्वाण सुख योसा निस्वार्थ भावना व नां कमाय् याय्गु चेतनां दान बीगु मिले मजू ।

प्रचार मयासें गुप्त रूपं दान यायेगु मनोवैज्ञानिक दृष्टिं नं आवश्यक जू । थ:म्हं यानागु दान कार्ययात बारंबार लुमंका च्वोंसा "जिं थज्या: थज्या:गु दान याना" धका: धकिं व रवाफ यायेगु भयंकर अभिमानं दातायागु नुगले हा काये फु । थज्या:गु अभिमानं मुक्त जुयेत व दान-पुण्यया संरक्षणया निंतिं दातां थ:म्हं यानागु दानयात गोप्य तयेमा:गु अपरिहार्यता दु ।

धात्थें धायेगु ख:सा बुद्ध धर्मानुरागी जुयेगुया अर्थ सर्वप्रथम दान अले शील पारमिता पुवंका: भावना (ध्यान, समाधि) या अनुशरण यायेगु ख: । थ:गु धन सम्पत्ति वस्तु त्यागयाना: सुइगुं कल्याणया निंम्ति बिइगु "दान" ख:सा सदाचारी जुया: चहपह बांलाकेगु "शील" ख: । अले चित्तयात चञ्चल मयासें यानागु भिं ज्या दृढ जुया मनयातं बल्लाका: च्वनगेगु "भावना" ख: । दान, शील, व भावना छगू मेगुया परिपुरक ख: । थुपिं परस्पर स्वापु दुगु गुण धर्म ख: । दान वा पुसा थें, शील बुँ थें व भावना वर्षा थें ख: धाइ । दानजक याना: शील व भावना विहिनम्ह मनूया अवस्था वा पुसा जक दु, बुँ नं मदु वर्षा नं मजू थें जा:गु स्थिति ख: । शील जक दु, दान व भावना मया:म्ह मनूया अवस्था सिर्फ नुँ दु, वा पुसा नं मदु बर्षा नं मजूथें जा:गु स्थिति ख: । भावना जक याना: दान नं मया:म्ह शील नं मदुम्ह मनूया अवस्था बर्षा जू तर वा पुसा नं मदु, बुँ नं मदु थें जा:गु स्थिति ख: । अकिं हे ख: परित्राणया पुब्वण्म्ह सूत्रय नं थथे उल्लेख जूगु:–

**"दान ददन्तु सद्धाम, शीलं रक्खन्तु सब्बदा**
**भावना-भिरता होन्तु, गच्छन्तु देवतागता ।"**

**अर्थ–** श्रद्धां दान बीमा, न्ह्याबलें सदाचारी जुया अभ्यास याना यंकूसा देवत्वे थ्यनी । ■

## स्वर्ण जयन्ती

आर्या ज्ञाण शिला सत्यशिला गुरुमाँपिं आर्या माधवी गुरुमाँपिं प्रव्रजित जुया बिज्यागु लसताय् १८ मंसीर खुनु शाक्यसिंह विहारे व २५ गते यशोधरा विद्यालयस झझ: धायक अभिनन्दन समारोह जूगु समाचार दु । उक्त दिने भन्तेपिनि पाखें धर्म प्रचार जुया च्वंथें हे वसपोलपिनि पाखें परियत्ति शिक्षा प्रचार ज्याय् यक्वदेन दुगु चर्चा जुल । अखिल नेपाल भिक्षु संघया अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरं थ:गु मन्तव्य प्वंका बिज्यागु उगु अभिनन्दन समारोहे संघनायक भिक्षु अनिरूद्ध महास्थविर सभापतिजुया बिज्यागु ख: ।

## ख्वनाय् कथिन चीवर

मंसीर ६ गते । ख्वनाया जीतापुर बुद्ध विहारे भिक्षु धर्मकीर्ति वर्षावास च्वना बिज्यागु लसताय् भिक्षु संघयात कथिन चीवर दान बीगु पुण्यकार्य सम्पन्न जूगुदु । उक्त दिने भिक्षु अश्वघोष महास्थविरं धर्मदेशनायाना बिज्यागु समाचार दु । उगु कथिन चीवर दान उत्सवया दातापिं मानभगत, लक्ष्मीमाया महर्जन ।

"आफूले गरेको पापले आफैलाई पीडा दिन्छ, मूर्खजनलाई आफूलेनै गरेको पापले पत्थरबाट निस्कने हीराले आफू निस्केका धुंगालाई नै काट्छ । - धम्मपद"



Downloaded from http://www.dhamma.digital

# आफ्नो नाथ आफैं

✍ दोलेन्द्र रत्न शाक्य
चाकुपाट, ल.पु.

अरु छैन है हाम्रो कोही नाथ,
त्यसो त हैनौं है हामी अनाथ,
धर्ममा लागौं भैकन स्वयं नाथ,
नभै हामी कहिल्यै कतै माथ ॥१॥

शरण लिने छैन कोही अरु,
मेरो भनि भन्नु छैन केही अरु,
हामीलाई तारिदिने छैन अरु,
हौं हामी नै हाम्रो द्वीप, हैन अरु ॥२॥

दीन बनी ताक्ने मुख कसको लौ ?
कर जोडी गिड गिडाउने किन लौ ?
लगि दिने त्यहाँ कसले हो र लौ ?
कल्याणार्थ आफ्नै आफै जुर्मुराऔं लौ ॥३॥

द्विप आफै बन्नु पर्छ, अरु होइन,
शरण लिऔं आफ्नै, अरुको होइन,
गर्ने कर्म आफैले हो, अरुले होइन,
यात्रा हाम्रो आफ्नो हो, बुद्धको होइन ॥४॥

पर्छ नै भने लिऔं शरण बुद्धको,
निर्वाणयुक्त पावन मार्ग धर्मको,
पुण्यरूपी खेत समान संघको,
नत्र बसौं नाथ बनी हामी स्वयंको ॥५॥

**"सहनशीलता र क्षमाशीलता परम तप हुन्, बुद्धहरू निर्वाणलाई परमपद भन्दछन्, अर्कालाई घात गर्ने, अर्कालाई पीडा दिने प्रव्रजित सच्चा साधु होइन ।" – धम्मपद**

# श्रद्धेय धम्मवती गुरुमाँ लुमंका

✍ बेखारत्न शाक्य, ह:खा

(१)

धन्य गुरुमाँ छ:पिनि शाहस,
जीवन जन्मया सार न्ह्यब्वयेत ।
गृह तोता गुँया लँपुं,
दु:ख कष्ट सिया बर्माय् वंम्ह ॥

(२)

बुद्धया शासनेय् शरण वना,
बुद्ध-गुणया अध्ययन याना ।
खंगु बुद्धया सारगु शिक्षा,
इना बीत जीवन पा:म्ह ॥

(३)

बुद्ध धर्मया न्हाय्कं धका:,
न्हाय्कं स्वस्वं थ:त भिंका ।
धात्थेंयाम्ह अनगारिका जुया,
क्यना बिज्यात आचरण भिंका ॥

(४)

लुमंका गुण गुरुमाँ यागु,
स्वाँ, थैं ह्वयेका मनया गमलाँ ।
धर्मया कीर्ति धर्म कीर्तिइ,
तीब: बीत मन बी सय्की ॥

(५)

प्रव्रजित जूगु न्येदँया लसताय्,
निरोगी जुईमा छ:पिनि उसाँय् ।
धैगु थ्व नुगलं आशिका याना,
प्रणाम याना जिं नुगलं खना ॥

**-: अनुरोध :-**

**लेख पठाउँदा खेरि स्पष्ट अक्षरमा एकतर्फी मात्र लेखेर पठाउन हुन अनुरोध छ । – सं.**



Downloaded from http://www.dhamma.digital

**पञ्चस्कन्ध**

२०५६ कार्तिक १३ गते । यसदिन सामूहिक छलफलको क्रममा वीर्यवती गुरुमाँले पञ्चस्कन्धको विषयमा विवेचना गर्दै भन्नुभयो– "संसारमा जीवित प्राणीहरूमा दुई तत्त्वहरू मिलेर रहेका हुन्छन् । ती हुन्– (१) नाम (चित्त) (२) रूप (भौतिक शरीर अर्थात् माटो, पानी, अग्नी र हावा आदि चार तत्त्व मिली बनेको)

(१) नाम (चित्त) – केलाएर हेर्ने हो भने यसमा पनि ४ वटा तत्त्वहरू मिलेर रहेका हुन्छन् । ती हुन्– (क) वेदना (ख) सञ्ञा (ग) संखार र (घ) विञ्ञाण ।

(क) वेदना– चित्तले बाहिरी आरम्मणलाई स्पर्श गरी अनुभव गर्ने । यसलाई पनि ३ भागमा विभाजन गर्न सकिन्छ ।

(अ) सुख वेदना– आफ्नो शारीरिक र मानसिक स्पर्शको तर्फबाट आनन्द अनुभव गर्ने । उदाहरणको लागि- शरीरको माध्यमबाट मुलायम र नरम चीजहरू छोई मनले आनन्द अनुभव गर्ने ।

(आ) दुःख वेदना– शरीर र मनको स्पर्शबाट दुःखको अनुभव गर्नु । शरीर र मनमा कुनै प्रकारको बाहिरी अप्रिय र कडा प्रहारले पीडाको अनुभव हुनु ।

(इ) उपेक्षा वेदना– कुनै पनि शारीरिक र मानसिक स्पर्शले सुख, वेदना र दुःख वेदनालाई नछोई तिनीहरूबाट तटस्थ रही अनुभव गर्ने ।

(ख) सञ्ञा– कुनै एक प्राणीले अन्य प्राणीहरू वा वस्तुहरूलाई चिन्न सक्ने स्वभाव धर्म ।

(ग) संखार– संगत र वातावरणको प्रभावले राम्रा र नराम्रा स्वभावहरू भित्री मनमा गाडिएर रहने वानी वा छाप । ती स्वभावहरू वातावरण अनुकूल मिलाई प्रस्फुटन हुने गर्छ ।

(घ) विञ्ञाण– माथि उल्लेखित तीनवटा स्वभाव धर्महरू चित्त वा चेतना (विञ्ञाण) को आधारमा उत्पन्न हुने कुशल वा अकुशल विचारहरू मात्र हुन् । त्यसैले यी तीन तत्त्वहरूलाई चेतसिक पनि भनिन्छ । तर यहाँ प्रमुख भूमिका निभाइरहने तत्त्व त चित्त (विञ्ञाण अर्थात् चेतना) नै हुन् । चेतना नभइकन वेदना, सञ्ञा र संस्कार उत्पन्न हुन सक्दैन ।

यसरी हामीमा रूप, वेदना, सञ्ञा, संस्कार र विञ्ञाण आदि गरी पाँचवटा स्कन्धहरू एक आपसमा परिपूरक भइरहेका हुन्छन् । यसैलाई हामीले अज्ञानताको वसमा रही म र मेरो भनी गलत धारणा राखेका हुन्छौं । यी सत्य र तथ्य कुराहरूलाई अनुसन्धान गर्ने शक्ति हाम्रो एकाग्र चित्तमा रहेको हुन्छ । तर यस्तो एकाग्र चित्त उत्पन्न गर्नको लागि हाम्रो चञ्चल चित्तलाई शील पालन गरी वसमा राख्न सक्नुपर्छ । शील पालन भन्नु नै आफ्नो शरीर, वचन र मनले अरूको शरीर, मन, धन र यशकीर्तिमा हानी नपुग्ने गरी कार्य गर्नु हो ।

**गौतमी विहार (लुम्बिनी) मा दुर्लभ प्रव्रज्या कार्यक्रम**

धर्मकीर्ति विहारको आयोजनामा लुम्बिनी स्थित गौतमी विहारमा २०५६ कार्तिक ३० गते देखि मंसीर ७ गतेसम्म साप्ताहिक दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा ७ जवान पुरुष व्यक्तिहरू भिक्षु (उपसम्पदा) प्रव्रजित भएका थिए भने २१ जवान महिलाहरू गुरुमां (अनगारिका) प्रव्रजित भएका थिए । त्यस्तै अरू ६० जवान व्यक्तिहरू ऋषिनी प्रव्रजित भएका थिए । उक्त साप्ताहिक कार्यक्रममा बुद्ध पूजा, धर्मदेशना र ध्यान कार्यक्रम पनि समावेश गरिएको थिए । साप्ताहिक ध्यान कार्यक्रममा प्रव्रजित व्यक्तिहरूको साथसाथै अरू थुप्रै उपासक उपासिकाहरूले पनि योगीको रूपमा भाग लिएका थिए । उक्त कार्यक्रममा भिक्षु कुमार काश्यप, भिक्षु कोण्डण्य, भिक्षु धर्मसागर काठमाण्डुबाट सहभागी थिए ।

प्रव्रजित हुनुहुने व्यक्तिहरूको नामावली यसरी उल्लेख गरिएको छ ।

भिक्षु (उपसम्पदा) हुने व्यक्तिहरू–

(१) सूर्यमान बज्राचार्य, कपिलवस्तु
(२) दानवीर सिंह तुलाधर, न्ह्योखा
(३) बाबुरत्न स्थापित, खिंल
(४) पूर्णमान तुलाधर, असन
(५) बेखारत्न राजकर्णिकार, सातदोबाटो
(६) कुलबहादुर महर्जन, बसुन्धरा
(७) दिनेश तुलाधर, साकुना

अनगारिका (गुरुमाँ) हुनेहरू–

(१) अष्टमाया महर्जन, त्यौड
(२) बेतिमाया मुनिकार, त्यौड
(३) सानुनानी डंगोल, तहाननी
(४) बिजुलीमाया श्रेष्ठ, साकुना



Downloaded from http://www.dhamma.digital

(५) ज्ञानकुमारी तुलाधर, यट्खा
(६) न्हुच्छेमाया महर्जन, किण्डोल
(७) लक्ष्मी रञ्जीत, भोटाहिटी
(८) इश्वरी मानन्धर, क्षेत्रपाटी
(९) पञ्चकुमारी बज्राचार्य, क्वाबहाल
(१०) कृष्णमाया महर्जन, बसुन्धरा
(११) सानुमाया महर्जन, यट्का
(१२) ललीता बज्राचार्य, त:क्षबहा:
(१३) चिनीमाया स्थापित, फसिक्यब
(१४) विष्णुमाया तुलाधर, साकुना
(१५) प्राणमया डंगोल, खिचापुखू
(१६) पूर्णशोमा ताम्राकार, तहा:गल्ली
(१७) पूर्णमाया शाक्य, ज्याबहा:
(१८) शीलहेरा ताम्राकार, मरू
(१९) मिश्री बज्राचार्य, क्वा:बहा:
(२०) पद्मकुमारी राजकर्णिकार, कमलपोखरी
(२१) बाबानानी राजकर्णिकार, बालुवाटार

ऋषिनी प्रव्रजित हुनेहरू–

(१) लक्ष्मीशोभा स्थापित, ज्याथा
(२) सरस्वती बज्राचार्य, असन
(३) श्यामलक्ष्मी सिल्पकार, जावलाखेल
(४) प्रेमशोभा कंसाकार, लालदरवार
(५) जमलदेवी मानन्धर, क्षेत्रपाटी
(६) सुरक्षा श्रेष्ठ, साकुना
(७) तीर्थलक्ष्मी राजकर्णिकार, यल, हौगल
(८) सुशीला ताम्राकार, लाजिम्पाट
(९) एलीना मानन्धर, पकनाजोल
(१०) सुमनप्रभा तुलाधर, ज्याथा, ठमेल
(११) केशरी तुलाधर, खिचापोखरी
(१२) हीरादेवी कंसाकार, न्येत
(१३) तारा कंसाकार, स्वयम्भू रिंगरोड
(१४) ज्ञानदेवी बनिया, इवा:बहाल
(१५) दानदेवी तुलाधर, लाजिम्पाट
(१६) आशालानी ताम्राकार, लाजिम्पाट
(१७) मोतीशोभा कंसाकार, लाजिम्पाट
(१८) जगतकुमारी शाक्य, असन
(१९) हेरादेवी शाक्य, जमल
(२०) गौरी बज्राचार्य, डिल्लीबजार
(२१) नानीहीरा तुलाधर, न्ह्चोखा
(२२) कमलशोभा तुलाधर, बसन्तपुर
(२३) बिमला राजकर्णिकार, न्यत
(२४) पञ्चमाया महर्जन, ठमेल
(२५) जगतमाया महर्जन, साकुना
(२६) न्हुच्छेमाया स्थापित, मखन
(२७) तारादेवी मानन्धर, भोटेबहाल
(२८) सूर्यदेवी शाक्य, न्यूरोड
(२९) लक्ष्मी श्रेष्ठ, कुलेश्वर
(३०) झ्यापु महर्जन, कमलाक्षी
(३१) ज्ञानकुमारी मानन्धर, ठमेल
(३२) सानुमाया डंगोल, ताहाननी
(३३) लक्ष्मीशोभा बज्राचार्य, क्वा:वहाल
(३४) मोतीहीरा तुलाधर, असन हितिमंगल
(३५) ताराशोभा स्थापित, भिमसेन स्थान
(३६) शरणशोभा शाक्य, डल्लू
(३७) सूर्जदेवी शाक्य, थाय्मरू
(३८) चन्द्रशोभा ताम्राकार, राष्ट्रिय नाचघर
(३९) हरीवदन बज्राचार्य, क्वा:बहाल
(४०) तीर्थ मानन्धर, थँहिटी
(४१) प्रतीमा मानन्धर, क्षेत्रपाटी
(४२) विष्णुदेवी मानन्धर, क्षेत्रपाटी
(४३) कृष्णदेवी मानन्धर, क्षेत्रपाटी
(४४) नीलदेवी तुलाधर, कमलपोखरी
(४५) रत्नशोभा तुलाधर, भोटेबहाल
(४६) लक्ष्मी बज्राचार्य, क्वा:बहाल
(४७) आशाकुमारी कंसाकार, कालिमाटी
(४८) कान्ती तुलाधर, स्वयम्भू
(४९) सूर्जमाया खड्गी, कमलाक्षी
(५०) चिनीयादेवी खड्गी, असं कमलाक्षी
(५१) लक्ष्मीकुमारी खड्गी, असन कमलाक्षी
(५२) चुनुमाया राकर्णिकार, कमलपोखरी
(५३) जुनु तुलाधर, मैतीदेवी
(५४) अमला तुलाधर, हरिहर भवन
(५५) ज्ञानशोभा शाक्य, ह्यूमत
(५६) तारा शाक्य, ह्यूमत
(५७) लीला शाक्य, ह्यूमत
(५८) शान्ता सिंह, ह्यूमत तुकं बहाल
(५९) सानुनानी कमलाक्षी
(६०) ... ... ... नाम प्राप्त नभएको


Downloaded from http://www.dhamma.digital

## बौद्ध कसलाई मान्ने ?

२०५६ मंसीर ४ गते । यसदिन वरदेश मानन्धर ले के अबौद्ध पनि बुद्ध हुन सक्छ ? बौद्ध कसलाई मान्ने ? भन्ने विषयमा सामुहिक छलफल गर्नुभएको थियो । छलफलको क्रममा उहाँले भन्नुभयो– बुद्ध हुने क्षमता सबै प्राणीमा अन्तरनिहित हुन्छ । तर बुद्ध हुनका लागि आशिका गर्ने व्यक्तिहरू कम मात्र हुन्छन् । बुद्ध हुने आशिका गरेपनि त्यसको लागि चाहिने पारमिता धर्म पूरा गर्नका लागि निरन्तरता दिने अझ कम हुन्छन् भने बुद्ध हुने त दुर्लभ नै हुन्छन् । बुद्ध कति महान हुनुहुन्छ भन्ने कुरा बुझ्नको लागि बुद्ध परिनिर्वाण हुनुभएको २५०० वर्ष सम्म पनि उहाँलाई हामीले कति आदरभाव गर्दै आइरहेका छौं, त्यसबाट नै थाहा पाउन सकिन्छ ।

बौद्ध कसलाई मान्ने ? भन्ने विषयमा बोल्नु हुँदै उहाँले कुनै व्यक्तिलाई बौद्ध मान्नका लागि सामान्य मापदण्डको रूपमा यसरी उल्लेख गर्नुभयो–

(१) परिशुद्धता– कुनै पनि व्यक्तिले आफूभित्र लोभ, मोह, द्वेष छ भनी थाहा पाई त्यसलाई नाश गर्दै लगी आफ्नो चित्तलाई परिशुद्ध गर्न प्रयासरत हुनुपर्छ ।

(२) आफ्नो तर्फबाट अरूलाई जानाजानी हानी नोक्सानी नपुऱ्याउने प्रतिवद्धताका साथ जीवन-यापन गर्नुपर्छ ।

शीलको मुख्य अर्थ नै आफूले गर्दा अरूलाई दु:ख नहोस् भन्नु हो । त्यसैले उहाँले औपचारिक रूपमा मात्र होइन वास्तविक जीवनमा व्यवहारिक रूपमा शील पालन गर्न जोड दिनुभयो ।

व्यवहारिक कठीनाई सम्बन्धी प्रश्नको जवाफ दिनुहुँदै उहाँले भन्नुभयो– "हामीले बहुजन हितायलाई आधार मानी कुनै पनि कुराको निर्णयमा सरल उपायलाई मात्र जटिल समस्याहरूको समाधानतिर पनि ध्यान दिने गर्नुपर्छ । केवल आर्थिक र भौतिक फाइदालाई मात्र होइन आध्यात्मिक एवं मानसिक उन्नतिलाई पनि महत्त्व दिने गर्नुपर्छ ।"

अन्तमा उहाँले भन्नुभयो– "बुद्धले बोधी ज्ञान प्राप्तगरी धर्म प्रचार गर्नुको मूल उद्देश्य मानवीय पक्षमा सकारात्मक परिवर्तन ल्याई जीवनस्तर बृद्धि गर्नको लागि हो । तसर्थ हामीले पनि उक्त कुरालाई ध्यानमा राखी आफ्नो दैनिक जीवन व्यवहारलाई माथि उठाऔं ।"

## आँखा तथा दन्त शिविर

२०५६ मंसीर ११ गते, शनिवार । स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घल र प्रभात माध्यामिक बिद्यालय ।

डच मदत नेपाल फाउण्डेशन र धर्मकीर्ति स्वास्थ्य कमिटिको संयुक्त आयोजनामा आँखा तथा दन्त स्वास्थ्य शिविर संचालन गरिएको छ ।

शिविरमा सक्रिय सहभागि हुने व्यक्तिहरू–

डच मदत नेपाल फाउण्डेशनको तर्फबाट–

(१) संस्थाका अध्यक्ष हेमी क्लेभिस (२) पाउलि गेरिर्सेन, (३) कान्छा लामा र (४) राजेश श्रेष्ठ आदि ।

धर्मकीर्ति स्वास्थ्य कमिटीको तर्फबाट–

(१) धर्मकीर्ति विहारकी अध्यक्ष भिक्षुणी धम्मवती (२) गुरुमाँ अनुपमा (३) डा. चन्द्रेश तुलाधर (४) रोशनकाजी तुलाधर (५) सुश्री तारादेवी तुलाधर र (६) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका स्वयम् सेवकहरू ।

सेवा प्राप्त गर्ने बिरामीहरूको संख्या-

| | | |
|---|---|---|
| आँखा सम्बन्धी बिरामीहरू | – | २५० जवान |
| दाँत सम्बन्धी बिरामीहरू | – | १५० जवान |
| | कूल जम्मा | ४०० जवान |

स्मरणीय छ उक्त शिविरमा सबै बिरामीहरूलाई नि:शुल्क उपचार र औषधि पनि बितरण गरिएको थियो ।

स्वास्थ्य शिविरमा सेवा पुऱ्याउनु हुने व्यक्तिहरू–

आँखा उपचार टोली तर्फ–

(१) डा. केशब प्रसाद अधिकारी (२) डा. मोहन राज बज्राचार्य (३) विमल पौड्याल (४) श्याम दाहाल (५) श्रीमती भञ्जु कुँवर (६) श्री तुम्ला गजमेर

दन्त उपचार टोली तर्फ–

(१) डा. प्रमोद रावल (२) डा. बोधित आचार्य (३) शंकर पंडित (४) सुजन भट्टराई (५) रोशन श्रेष्ठ (६) राजु अधिकारी (७) श्रीमती बुद्धलक्ष्मी शाक्य ।

कार्यक्रमको अन्त्यमा स्वास्थ्य कार्यकर्ताहरू, डच मदत नेपाल फाउण्डेशनका प्रतिनिधिहरू र धर्मकीर्ति विहार परिवार बिच एक छोटो भेटवार्ता गरिएको थियो । सो अवसरमा स्वास्थ्य शिविर कार्यक्रम सफल पारिदिनु भएकोमा विशेष गरी स्वास्थ्य कार्यकर्ताहरू, फाउण्डेशनका प्रतिनिधिहरू, विहारका सदस्यहरू र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका स्वयंसेवकहरूलाई धन्यवाद दिनुहुँदै भिक्षुणी धम्मवतीले भन्नुभयो– "जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गरेको जस्तै हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

भन्ने बुद्ध वचनलाई आज हामीले व्यवहारिक रूपमा पालन गरिरहेका छौं । यो ज्यादै खुशीको कुरो हो ।

स्मरणीय छ, धर्मकीर्ति विहारबाट प्रत्येक महिनाको पूर्णिमा, औंसी र अष्टमीका दिनहरूमा साप्ताहिक स्वास्थ्य क्लिनिकहरू संचालित छन् । सो क्लिनिकमा आफ्नो बिशेष योगदान पुऱ्याउनु हुने चिकित्सकहरूको नामावली यस प्रकार रहेको छ–

(१) डा. थीरमान शाक्य (छाती रोग विशेषज्ञ)
(२) डा. चन्द्रेशरत्न तुलाधर (बाल रोग विशेषज्ञ)
(३) डा. योगेन्द्रमान शाक्य (आकस्मिक उपचार)
(४) डा. तारा मैंया शाक्य (सामान्य चिकित्सक)

नि:शुल्क स्वास्थ्य सेवाको साथसाथै नि:शुल्क औषधि वितरण समेत भइराखेको विषयमा अवगत गराउँदै समय समयमा यस्तो स्वास्थ शिविरको आयोजना गर्न पाएमा दिनमा सयौं बिरामीहरूले समयमै उपचार सेवा पाई थुप्रै बिरामीहरू लाभान्वित हुने देखिन्छ ।

फाउण्डेशनको तर्फबाट अध्यक्ष हेमी क्लेभिसले आफ्नो छोटो मन्तब्य ब्यक्त गर्ने क्रममा स्वास्थ्य शिविर सुब्यवस्थित र सरल तरिकाले संचालन भई बिरामीहरू लाभान्वित भएकोले खुशी प्रकट गर्नुहुँदै भन्नुभयो– "भविष्यमा पनि धर्मकीर्ति विहारमा स्वास्थ्य सेवाको लागि फाउण्डेशनको तर्फबाट यथाशक्य योगदान दिइने छ ।" यसै सन्दर्भमा उहाँले धर्मकीर्ति स्वास्थ्य क्लिनिक सुचारूरूपले संचालन गर्न आवश्यक औषधि खरीद गर्न र ब्यवस्थापनको निमित्त ५ वर्ष अवधिको लागि वार्षिक रु. २५०००/– फाउण्डेशनको तर्फबाट धर्मकीर्ति स्वास्थ्य समितिलाई अनुदान स्वरूप प्रदान गर्ने निर्णय गर्नुभयो । भविष्यमा धर्मकीर्ति विहारको विभिन्न कृयाकलापहरूमा पनि सहयोग पुऱ्याउने वचन दिनुभयो ।

उहाँहरूको उल्लेखनीय अनुदान र सहयोग प्रति साधुवाद दिनुहुँदै भिक्षुणी धम्मवतीले दन्त स्वास्थ्य सेवा संचालन गर्नको लागि कक्षाहल उपलब्ध गराइदिनु भएकोमा प्रभात माध्यमिक बिद्यालय परिवार न:घललाई पनि धन्यवाद ब्यक्त गर्नुहुँदै सबैको सुख, स्वास्थ्य, सम्बृद्धि र मंगल कामना गर्नुभयो ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू :**

क्र.सं. ३१३

**प्रेमबहादुर शाक्य**
ह:खा, पाटन
रु. १०५०/–

# सुख यो धइगु ख:सा

✍ भिक्षु सुशील, सुगतपुर विहार, त्रिशुली

गुब्ले गनं हे छंगु निंम्तिं
थाय् मदु छं तायेके मालिइ
उगु इलय् थन छंगु निंम्तिं
शासनया लुखा चालांच्वनिइ ।

थौं छं थ:त थह्मं मिखा पिइका
यौवन अय्‌लाखं कायेकाच्वन,
संसार ब्याक्कं थ:गु हे तायेका
अभिमान चिलाख च्याकांच्वन ।

ध्वयेवं गुब्लें नुगलय् गनं
बिलापया ख्वबि नं हायेकाच्वन
किन्तु, आ:तक नं छं थ्वइत
प्रिय–अप्रिय हे तायेकाच्वन ।

न त धायेल्व: सुयातं प्रिय
अप्रिय धका: नं धाये गुकथं ?
प्रिय–अप्रिय धयाच्वंगु फुकं
भाव ख: न्हां, भाव जक ।

गुब्लय् थ्वनेफइ थुगु भावं च्वये
प्रिय–अप्रियया भेद फुका
उब्लयृतिनि ख: न्ह्यचिइखनिइगु
निर्वाण–निरन्तरया सुख ।

गन गुब्लय् मनूया चित्तं
म्हंकेगु त्वतिइ ह्मगसतकं,
गन गुब्लय् मनूया चित्तं
अतीत लुमंका: बिलाप मयाइ ।

उगु उगु हे इलय् क्षण–क्षणं
वर्तमानयेजक म्वाय् सयेव
सुख हे व:सां दु:ख हे व:सां
स्वागत–तिरस्कार छुं मयाइ ।

गुगु था:–गा: नं काये मफइगु
व हे सुख ख: बैपुल्य
उगु सुखया न्ह्योने मेगु ब्याक्कं
क्षणिक क्षण–भंगुर तुल्य ।

कैवल्य सुख य:गु हे ख:सा
गनं हे तक्यना च्वनेमते !
यौवनया अय्‌लाखं कायेका
निक्ति सुखय् नं तनेमते ।

यो धात्थें हे छन्त थ्व ख:सा
शासनं छ तापायेमते !
तातुना छंगु सुख हे ख:सा
प्रिय–अप्रिय धायेमते !



Downloaded from http://www.dhamma.digital

## लुम्बिनीमा मायादेवी मन्दिर पुनः निर्माण

लुम्बिनी स्थित मायादेवी मन्दिर जिर्णोद्धार गर्ने कार्यको लागि सन् १९९० देखि लुम्बिनी विकास कोष र जापानी बुद्धिष्ट फेडरेशनको सम्झौता भएतापनि विभिन्न कारणहरूले गर्दा सो कार्यको थालनी हुन नसकिराखेको बडो दुःख लाग्दो कुरो थियो। तर सो दुःख लाग्दो कुरो हाल खुशी लाग्दो कुरोमा परिवर्तन हुने आशा देखिएको छ।

हाल मायादेवी मन्दिरलाई नेपालीहरूको आफ्नै स्रोतमा जिर्णोद्धार गरिने भएको छ। यसै सिलसिलामा मायादेवी मन्दिर जिर्णोद्धार कार्यको लागि खोलिएको बैंक खातामा चन्दा स्वरूप रकम जम्मा गर्न चाहने सबैलाई स्वागत गरिएको छ। मन्दिर जिर्णोद्धार कार्य थालनी गर्नको लागि मिति २०५६ मंसीर ७ गतेका दिन लुम्बिनी स्थित अशोक स्तम्भमा युवा खेलकूद तथा सँस्कृति मन्त्री शरत सिंह भण्डारीको सभापतित्त्वमा एक पूजा कार्यक्रम सम्पन्न गरिएको समाचार छ।

थेरवादी र महायानी गरी विभिन्न बर्मी, चिनीया, जापानी, नेपाली, कोरीयन, भियतनाम आदि विभिन्न देशका भिक्षु भिक्षुणीहरूले बुद्ध पूजा र मंगलपाठ गरी थालनी गरिएको उक्त कार्यक्रममा थुप्रै उपासक उपासिकाहरूले भाग लिएका थिए। लुम्बिनी विकास कोषका उपाध्यक्ष श्री गजेन्द्रकुमार लामाले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा विभिन्न वक्ताहरूले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुहुँदै मायादेवी मन्दिर जिर्णोद्धार कार्यको शुभारम्भ हुन लागेकोमा भाव विभोर हुँदै खुशी ब्यक्त गर्नुभएका थिए। वक्ताहरू मध्ये कतिपयले मन्दिर जिर्णोद्धार कार्यको थालनीमा मन्त्री शरतसिंह भण्डारीज्यूलाई अगाडि बढ्न आग्रह गर्दै पछाडि सबैले चाहिंदो मात्रामा सहयोग र मद्दत गर्ने वचन दिनु भएका थिए। मायादेवी मन्दिर जिर्णोद्धार गर्नको लागि खोलिएको खातामा रकम जम्मा गर्न थुप्रै संस्थाहरूले उक्त स्थलमा युवा खेलकूद तथा सँस्कृति मन्त्रीलाई चन्दा स्वरूप रकमका चेक हस्तान्तरण गरेका थिए। कतिपयले चन्दा रकम पछि हस्तान्तरण गर्ने वचन ब्यक्त गरेका थिए। यसरी थुप्रै संस्थाहरूले मायादेवी मन्दिर जिर्णोद्धार कार्य थालनी हुन लागेको खुशीयालीमा आ-आफ्नो वचनले मात्र होइन कार्यले पनि श्रद्धा ब्यक्त गरेका थिए।

## हाजिरी जवाफ प्रतियोगिता

२०५६ भाद्र ८ र ९ गते। स्थान- धरान।

बौद्ध युवा साथी र बुद्ध विहार धरान-८ को संयुक्त आयोजनामा प्रज्वल स्मृति रनिङ्ग शील्ड हाजिरी जवाफ प्रतियोगिता भव्यताका साथ सम्पन्न गरेको समाचार धिलोगरी प्राप्त भएको छ। प्रथम चरण र अन्तिम चरण गरी जम्मा दुई दिनसम्म संचालित उक्त कार्यक्रममा १० वटा स्कूलहरूले भाग लिएका थिए। उक्त प्रतियोगितामा श्री विजयपुर उच्च मा. वि. समिट सेकेण्डरी बो. स्कूल र श्री शहिद स्मृति मा. वि. क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए।

प्रतियोगिताको समापन समारोह बौद्ध युवा साथीका अध्यक्ष श्री शिवराज श्रेष्ठको सभापतित्त्वमा सम्पन्न गरिएको थियो। भिक्षु कुमार काश्यपबाट शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा बौद्ध युवा साथीका कोषाध्यक्ष श्री सुनिल शेखर श्रेष्ठज्यूले स्वागत भाषण गर्नुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि धरान नगर पालिकाका उप-प्रमुख श्री कृष्णनारायण पालिखेज्यूले विजयी स्कूलहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो भने सुश्री मुन्नी श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## धर्म विजया दिवस

करूणा बौद्ध संघको आयोजनामा बुद्ध विहार होलाङ्गडी तानसेनमा गत १ कार्तिक २०५६ का दिन "धर्म विजया दिवस" कार्यक्रम सम्पन्न भएको समाचार छ। ज्ञानमाला भजन बुद्ध पूजा, पंचशील प्रार्थना, अध्यक्ष छत्रराज शाक्यले "धर्म विजया दिवस" को महत्व माथि प्रकाश पार्दै सम्राट अशोकले कलिङ्ग युद्ध पछि एक भिक्षुको उपदेश सुनेर बौद्ध धर्ममा दिक्षीत भई हिंसा मार्ग त्यागी, अहिसां धर्ममा लाग्ने र आफूले आफूलाई नै विजय गर्ने अठोट गरी राज्य संचालन गरेको हुँदा बौद्धहरूले दशमीको दिनलाई "धर्म विजया दिवस" को रूपमा मनाउने परम्परा भएको चर्चा गर्नुभयो। यो दिवसबाट हिंसा



Downloaded from http://www.dhamma.digital

त्यागी अहिंसा सत्य मार्गमा लाग्ने प्रेरणा लिनु पर्ने र अनावश्यक खर्च त्यागी सरल रूपमा मनाउनु पर्ने कुरामा जोड दिनुभयो ।

सहायक प्रधानाध्यापक द्वारिकाप्रसाद शर्मा, ज्ञानमाला संघका अध्यक्ष विश्वमान बज्राचार्य, युवा बौद्ध संघ पोखराका अध्यक्ष उत्तममान बुद्धाचार्यले पनि विजया दशमी पर्वलाई सरल रूपमा मनाउनु पर्ने मन्तब्य ब्यक्त गर्नुभएका थिए ।

## शस्त्र परित्याग दिवस

स्थान- नगदेश । मध्यपुर नगरपालिका-६ स्थित बुद्ध विहारमा एक समारोह बीच महान सम्राट अशोक-द्वारा शस्त्र परित्याग गर्नुभएको स्मरणमा २२६१ औं शस्त्र परित्याग दिवस मनाइयो ।

सो कार्यक्रम नगदेश बौद्ध समूहका उपाध्यक्ष दिपक-राज शाहपालको सभापतित्वमा सम्पन्न भएको थियो ।

श्रद्धेय भिक्षु वर सम्बोधिद्वारा पञ्चशील प्रार्थना गराउनुभई शुरू भएको उक्त कार्यक्रममा थेरवाद दायक केन्द्रिय परिषदका अध्यक्ष बखतबहादुर चित्रकार, तिर्थनारायण मानन्धर, कृष्णकुमार, सुखदेव महर्जन लगायतका वक्ताहरूले सम्राट अशोकले शस्त्र परित्याग गर्नुभएको बारेमा चर्चा गर्नुभएको थियो ।

## प्रतित्य समुत्पाद देशना

बुद्ध विहार, धरान-८ । आषाढ पूर्णिमा देखि कार्तिक पूर्णिमा ३ महिनासम्म भिक्षु जटिल वर्षावास बस्नुभई प्रतित्य समुत्पाद विषयमा धर्मदेशना र ध्यान कार्यक्रम संचालन गर्नुभएको समाचार प्राप्त भएको छ ।

## बुद्ध मूर्तिहरू अनावरण

२०५६ मंसीर ७ गते । स्थान: सुलक्षण कीर्ति विहार, चोभार । कालिमाटीबाट २ वटा बुद्ध मूर्तिहरू लावा लस्कर सहित जात्रा गरी चोभार स्थित सुलक्षण कीर्ति विहारमा अनावरण गरिएको समाचार प्राप्त भएको छ ।

पञ्चशील प्रार्थना र बूद्धपूजा पछि कार्यक्रमका प्रमुख अतिथि राजपरिषद स्थायी समितिका सभापति डा. केशरजंग रायमाझीद्वारा पानसमा बत्ति बाली बुद्ध मूर्तिहरू अनावरण गर्नुभएको थियो ।

भिक्षु सुमेध र भिक्षु बोधिसेनद्वारा धर्मदेशना गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि डा. केशरजंग रायमाझीले बुद्धको उपदेशबाट हामीले मानसिक शान्ति लाभ गर्न सक्नु पर्ने बिचार ब्यक्त गर्नुहुँदै बुद्धको देन बारे चर्चा गर्नुभएको थियो ।

केदार शाक्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा सुलक्षण कीर्ति विहारका प्रमुख डा. अनोजा गुरुमाँले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन, दान प्रदानका साथसाथै त्यहाँ उपस्थित भिक्षु, गुरुमाँहरू र उपस्थित सबै उपासकोपासिकाहरूलाई जलपान र भोजन गराइएको थियो ।

## सामाजिक विकृतीहरू हटाउन बुद्ध शिक्षा प्रचार

२०५६ मंसीर १३ गते । विभिन्न टोलमा बुद्ध शिक्षा प्रचार गरी समाजका कलहपूर्ण वातावरण, विकृती विसंगतीहरूलाई हटाई मानसिहरूले आचरणमा सुधार ल्याउन बौद्ध युवा कमिटि झटापोल (कोन्ति) ललितपुर बाट टोलटोलमा धर्मदेशना गराउने कार्यक्रम संचालन गरिरहेको फलस्वरूप दशौं पटकको धर्मदेशना कार्यक्रम ललितपुरको ह:खा टोलमा सम्पन्न गरिएको समाचार छ । भिक्षु अश्वघोष महास्थविरबाट शील प्रार्थना गराउनु भई दिवंगत भिक्षु कालुदायी महास्थवीरको गुणानुस्मरण गरी श्रद्धाञ्जली ब्यक्त गरिएको थियो । धर्मदेशना गर्नुहुने क्रममा भिक्षु अश्वघोष महास्थविरले बुद्धको गुणगान गरी बुद्ध प्रति श्रद्धा ब्यक्त गर्ने श्रद्धालुहरूले आफूले बुद्धलाई के कारणले श्रद्धा ब्यक्त गरिरहेको भन्ने विषयमा गहिरिएर विचार गरी बुद्धको ब्यक्तित्त्व र शिक्षा अध्ययन गर्नुका साथै बुद्धको आदर्शलाई आफूले पनि अंगाली आफ्नै आचरण सुधार्नुपर्ने विचार ब्यक्त गर्नुभयो । ह:खाटोल सुधार समितिका सचिव शाक्य सुरेनले बुद्ध शिक्षाले मानिसहरूलाई अनुशासित बनाउन सकिने हुनाले यस शिक्षा प्रचारमा निरन्तरता ल्याउन जोड दिनुभयो । अन्त्यमा यस कार्यक्रमलाई आवश्यक सहयोग गर्नुहुने सबै महानुभावहरूलाई कमिटीका सचिव श्री विश्वन्तर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बौद्ध परियत्ति शिक्षा संचालन

२०५६ मंसीर १६ गते, बिहिबार अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप



Downloaded from http://www.dhamma.digital

महास्थविरको प्रमुखत्वमा मैत्री शिशु विद्यालय छाउनीमा बौद्ध परियत्ति शिक्षा संचालन भयो ।

यस कार्यक्रम उपस्थितिमा मैत्री शिशु विद्यालयका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरबाट बौद्ध परियत्ति शिक्षाको छोटो परिचय दिनुभयो र त्यस विद्यालयका प्रधानाध्यापक श्री न्हुच्छे बहादुर बज्राचार्यद्वारा परियत्ति शिक्षाको आह्वान र विवरण दिनुभयो । साथै यस विद्यालयमा कक्षा ३ देखि कक्षा ६ सम्मका विद्यार्थी छन् ।

## पुस्तक विमोचन

२०५६ मंसीर १७ गते शुक्रवार ज्योतिदय संघ, ज्योति विहार चापागाउँमा श्री बासुदेव देशारज्यूद्वारा लिखित एवं श्री दुर्गादास रंजितद्वारा प्रकाशित "बुद्ध र उहाँको धर्म" नामक पुस्तक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूबाट एक समारोह बिच बिमोचन गरियो ।

ज्योति विहारका संरक्षक कुमार देशारको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा श्री रविन्द्र देशारले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो भने श्री दिल देशारले धन्यवाद ज्ञापन गर्नुभएको थियो । रामेश्वर देशार संचालक रहनुभएको उक्त समारोहमा लेखकको परिचय पनि प्रस्तुत गरिएको थियो भने श्री जगमोहन मेहेर कायस्थ र श्री शाक्य सुरेन्द्रले पनि आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

## नेपाल सम्वत् ११२०

थाय्- राजविराज, सप्तरी । नेपाल संवत् ११२० क्यंगु उपलक्षे म्हपूजा खुन्हु राजविराज स्थित महेन्द्र क्लबे सप्तरी जिल्लाया वयोबृद्ध समाजसेवी भाजु लक्ष्मण प्रधानया अध्यक्षताय् छगू समारोह सम्पन्न जूगु समाचार दु । नेवा: समुदाय बाहेक विभिन्न जातजातीया महानुभावपिसं ब्वति का:गु उगु समारोहे नेपाल सम्बत्या महत्त्वयात क्या: प्रतिनिधि सभाया सांसद भाजु जय प्रकाश आनन्दं देशे थीथी भाषा सँस्कृति दुगुली थवं थवे मेलमिलाप दय्का: थथ:गु भाषा व सँस्कृतिया अभिवृद्धिया लागि नेपा:मितय्सं कुत: याय्मा:गु खँ न्ह्यथना दिल । थथेहे एमालेया जिल्ला सचिव भाजु दिवाकर देवकोटा नगर प्रमुख भाजु जगरनाथ दास, नेवा समाज राजविराजया अध्यक्ष भाजु बद्रीलाल राजभण्डारी आदिपिसं थ:थ:गु मन्तब्य ब्यक्त यानादीगु ख: । समारोहया प्रमुख अतिथि सप्तरी जिल्लाया प्रमुख जिल्ला अधिकारी भाजु ज्ञानकाजी शाक्यं नेवाभाषा म्वाका तय्गु लागि प्यंग थांया नामं प्रसिद्ध जुयादीपिं स्व. भाजु निष्ठानन्द बज्राचार्य, स्व. भाजु सिद्धिदास महाजु, स्व. भाजु योगवीरसिंह कंसाकार व स्व. भाजु जगतसुन्दर मल्ल आदि पिनिगु योगदानयातनं सम्मान याय् सयटक्यमा: धयादिल ।

## नगदेशय् कथिन उत्सव

नगदेश बुद्ध विहारय् श्रद्धेय भिक्षु वर सम्बोधिजु वर्षावास पूवंका बिज्यागु लसताय् कथिन उत्सव क्वचाल ।

श्रद्धेय बुद्धघोष महास्थविरजुं पंचशील प्रार्थना याका: न्ह्याका बिज्यागु थुगु ज्याझ्वलय् भिक्षु अश्वघोष महास्थविरजुं कथिन उत्सवयागु बारे कनाबिज्यागु ख: ।

कथिन उत्सवय् उपासिका मय्जु रत्नमाया बादेजुं चीवर दान यानादिगु ख:सा अष्ट परिष्कार उपासक न्हुच्छे बहादुर कोजुं ल:ल्हाना दिगु ख: ।

## धर्मदूत भिक्षु कालुदायी मन्त

भिक्षु कालुदायी म्ह बुरासां मन न्ह्याबलें ल्याय्म्ह चाम्ह ख: । बुरा जुइका भिक्षु जूसां ल्याय्म्हपिं भिक्षु पिन्त गाँगामे धर्मप्रचार याय्मा: धका म्हुतुं जक धाइम्ह मखु । थ:हे थाकु मचासे गाँगामे वना बुद्धया शिक्षा प्रचार यानाबिज्याम्ह ख: । वसपोलं विशेष ख्वना बुंग, ठसी, ठेचो, लुबु,



जल गामें च्वंपिं ज्यापु तय्गु पुचले बौद्ध जागरण हया बिज्या:म्ह ख: । च्वे च्वंगु फुक गामे बुद्ध शिक्षा प्रचारया केन्द्रया रूपे विहार निर्माण याना बिज्यागु वसपोलया कीर्ति ख: । वसपोल थ्व संसारे मदुसां कालुदायी नां न्ह्याबलें ल्यना च्वनीतिनि । वसपोल ९५ दँय् परलोक जूगुख: ।

॥ अनिच्चावत संखारा ॥



Downloaded from http://www.dhamma.digital

# निडर भएर मृत्यु देखि जुध्न सिकौं

✍ श्रीमती शर्मिष्ठा उदास
ल.पु. थसिखेल

किन मृत्यु देखि डराईरहेका छौं हामी
चिम्लिन खोजेका ति आँखाहरू घरि घरि उघारी
मृत्यु एउटा अपरिहार्य कटु सत्य हो
जीवन जिउनु पछि एक दिन मर्नै पर्छ हामी ।

राम्रो कर्म गरेर हामीले राम्रै फल पाउने छौं
बुद्ध धर्ममा विश्वास राखे कुशल कर्मी बन्ने छौं
आखिर मैलो बस्त्र नै त हो यो शरीर
घरिघरि बदली रहनु पर्ने
राम्रो कर्मको रंगले रँगिएमा
राम्रै जुनी फेर्न पाउने ।

जुनी जुनीसम्म फेरि रहने यी हाम्रा शरीर
कहिले कहाँ गएर अन्त्य हुने हो थाहा छैन
बाटो बिराई हिंडेका यात्री हामी
जीवन जिउने संघर्षमा जुझी रहेका छौं
ज्ञानको अभावमा अज्ञानी प्राणी हामी
संधै मृत्यु देखि डराईरहेका छौं ।

जीवनको भुमरी भित्र "मृत्यु" को गहिरो दह बनेको छ
उक्त दहबाट उम्किन बुद्धको बलियो डोरी रूपी उपदेश सुनौं
लोभ, मोह, तृष्णा अनि क्लेश रूपी जीवनको भुमरी भित्र
हामी हराउनु अघि नै बुद्धको आर्य अष्टाङ्गिक मार्ग चुनौं
मृत्यु देखि डराएर भाग्न होइन मृत्युको सत्यतासंग लड्न सिकौं
पंचशीलको पालना गरी जीवन पाउन अघि मृत्युलाई अंगाल्न सिकौं ।

# यस्तो हुन्छ भने

✍ श्रा. संघरक्षित
संघाराम

( १ )
प्राणी हिंसाको साथ छोड्दैमा,
चोरीको लत पूर्णत त्याग्दैमा,
ब्यभिचारको मार्ग पन्छाउँदैमा,
कसैको अहित निर्भर छ भने,
म भन्दिन तिमी पालन गर ।

( २ )
असत्य वचन बोल्न छोड्दैमा,
नशालु अम्मल पदार्थ त्याग्दैमा,
झगडालु चुकली गर्न रोक्दैमा,
कसैको कुभलो निश्चित छ भने,
कोही भन्दैन तिमी रक्षा गर ।

( ३ )
मात्सर्य मनबाट टाढिंदैमा;
कडा वचन बोल्दै नबोलेमा;
कुशल पथतिर उन्मुख हुँदैमा;
कसैको शान्तिमा तगारो बन्छ भने
बुद्ध भन्दैन तिमी उसै गर ।

( ४ )
त्याग चेतनाले दान दिँदैमा;
पवित्र श्रद्धाको उत्थान गर्दैमा;
शीलाचरणमा निहित बनिंदै मा;
कसैको मानवता पतित हुन्छ भने
धर्म भन्दैन तिमी यस्तै गर ।

( ५ )
असहायको सहाय बन्दैमा;
कुशल कार्य मात्र छनोट गर्दैमा;
हर क्षेत्रमा बहुश्रुत बनिदैमा;
कसैको हानी हुन्छ नै भने
संघ भन्दैन तिमी उस्तै गर ।

( ६ )
प्रज्ञाले विचारेर कार्य अघि सार्दैमा;
अनैतिक कृत्य गर्न लजाउँदैमा;
समाजको, मनको भय हुँदैमा;
कसैको व्यक्तित्व क्षय हुन्छ भने
संघरक्षित भन्दैन तिमी यसै गर ।

( ७ )
आमा बाबुको सेवामा अर्पदैमा;
आचार्य-गुरुवरको सत्कार गर्दैमा;
पल-पल कर्तब्य पालक बन्दैमा;
कसैको मुटु फुट्न पुग्छ भने
ठीक छ तिमी छोडी भाग ।

( ८ )
बुद्धप्रति अगाढ श्रद्धा गर्दैमा;
धर्म-ज्ञाता भई संरक्षक हुँदैमा;
आजीवन संघको शरणमा पुग्दैमा;
कसैको जीवन विनाश हुन्छ भने
निश्चय नै तिमी अलग्गै बस ।



Downloaded from http://www.dhamma.digital

# बुद्धको इतिहास

✍ **वीरेन्द्र श्रेष्ठ**, कक्षा ८, भोजपूर

एउटा सत्यकथा म भन्छु एउटा बुद्धथिए लौ ज्ञानी
सत्य बाटोमा सँधै हिंड्थे उनि थिएनन् कहिल्यै अज्ञानी
भन्छन् सबैजनाहरू मिलि मिलि बुद्धथिए देवता
दु:खीगरीवको सँधै सेवागर्न धनीगरीव एकता
पशु प्राणीहरू सँगै सँधै उनि आस्था विश्वास राख्दथे
दु:खीगरीवको भलो हुने काममा सँधै उनि जाग्दथे
चोरी चकारी गर्नेकाम उनले कहिल्यै पनि जानेनन्
जाँडरक्सी अनि पशु हत्यागर्न कहिल्यै उनिले मानेनन् ।
यहि कुरालाई आस्थाराख्नु भनि लिनु मनका भावना
श्रोता बन्धुहरू सबैजनलाई मेरो शुभकामना

# जीवन जिउने कला सिकौं

✍ **सरोज उदास**, पोखरा-३

बुद्ध धर्म र संघलाई जानौं
माता पिता र गुरुलाई मानौं
श्रद्धाले सदा शरणमा परौं
शीर झुकाई वन्दना गरौं

बुद्धलाई सदा मार्गदर्शक मानौ
आफ्नो भरोसा आफै भनि जानौं
अतृप्ती तृष्णा सदालाई छोडौं
कुसंस्कार त्यागी सदाचार जोडौं

आफ्नो अरूको पनि भलाई गरौं
भूलेर पनि कहिल्यै कुकर्म नगरौं
कुशल कर्मलाई नै धर्म भनि मानौं
अकुशल कर्मलाई नै पाप भनि जानौं

नगरौ. हिंसा चोरी भ्रष्टाचार अनि
झुठ चुक्ली अनर्थक कडा बोली पनि
राग द्वेष र मोह सदालाई त्यागौं
शरीर वाणी र चित्त शुद्धिमा लागौं

श्रम र विश्राम भोक र भोजन
मौन र वाणीलाई संतुलन राखौं
दूराचारी भएर कहिल्यै नविकौं
सुखमय जीवन जिउने कला सिकौं

# मन शुद्ध स्वच्छ राखौ

✍ **सुश्री सुमना देवी शाक्य,**
**चैनपुर ३ संखुवासभा**

जुन सुकै काम कुरामा पनि मन प्रमुख हुन्छ
सुमार्गमा लोगेका चित ले सबैको उपकार गर्छ
कुमार्गमा लागेका चित्तले दु:ख उत्पन्न गराउँछ
जतातै जुनसुकै ठाउँमा विना टिकट पुग्न सक्ने

मनलाई जति माझे पनि फेरी मैलो हुने
बुझ्न सकीन यसको चाला यो संसार सागरमा
जसरी भात पकाउँने भाँडा सफा गरी माझ्नु पर्छ
त्यसरी नै मनलाई बारम्बार माझ्न पर्ने रहेछ

यो पापी मन कहीले सम्म कहाँ सम्म जाने हो
हीडेर डुलेर भूलेर मातेर हीड्ने हो
कहीले काँही जब वाक्क, ब्याक्क, दिक्क हुन्छ
अनि तब मात्र थाहा हुन्छ यसको चाला

अब कहील्यै कुन समय पुग्ने हो ठेगानमा
यसको गति विधि बुझ्न लाई हामीले
विपश्यना रुपी कुचोले वढार्नु पर्ने रहेछ
धन्य भो करूणावान शास्ता वाटो हामीलाई देखायौ

जव जव हामी सम्यक सम्बुद्धले देखाएको मार्ग
हीड्न सक्षम हुन्छौ तव हाम्रो मन हुन्छ हलुंगो
मनको पछि पछि हिड्ने होइन मनलाइ हीडाउने पछी
सुख शान्तिको दाता तिमी निर्वाण मार्ग पहील्याउने

# शुभकामना धर्मकीर्तिलाई

✍ **प्रविणमान महर्जन**

लियो जन्म धर्मकीर्ति विहारमा
पुग्यौ बौद्ध धर्मावलम्बीहरूको माझमा !
आयौ बुद्धका ज्ञान र उपदेश लिई
चिन्यौ सबैले धर्मकीर्ति भनी !

बुद्धका ज्ञान र उपदेशहरू बोकी
पुग्न सकोस् हरेक विहार, विद्यालय र गुम्बामा !
बौद्ध धर्मलाई सदा फैलाई
अमर कीर्ति बन्न सकोस् यो सारा विश्वमा !

विसने छैनौं हामी धर्मकीर्तिलाई
बाँची रहोस् युगौं युगसम्म महा-मानव गौतम बुद्ध जस्तै
अंगालो राख संधैं बौद्ध धर्मलाई
चम्कीरहोस् धर्मकीर्ति पूर्णिमाको जून जस्तै !

शुभकामना यही हाम्रो धर्मकीर्तिलाई !!



Downloaded from http://www.dhamma.digital

# धन्य हो बुद्ध तिमी

✍ हरि कृष्ण श्रेष्ठ, धरान-१२

जन्मियौ तिमी नेपालको भूमीमा ।
सगरमाथाको शितल हावा पानीमा ॥
प्रथम पाईला चलायौं तिमीले ।
शान्तीको फूल कमल उत्पत्ति भयो सोही ठाउँमा ॥

संसारको दु:खी प्राणीहरूलाई ।
दु:खबाट मुक्त दिलाउन ॥
आफ्नो प्रवाह नगरी ।
ज्ञानको खोजीमा लागिरह्यौ तिमी ॥

के पहाड, के जंगल ।
कुन शहर नदी र नाला सबैमा ॥
हर हमेशा चियाई रह्यौ ।
प्राणीको कल्याणको खोजीमा ॥

देश देशान्तर घुम्यौ ।
तर पुग्यौ भारतको गया भन्ने ठाउँमा ॥
पिपलको बोट मुनी ।
सून्य संसारमा ध्यानमा मग्न हुँदा ॥

ज्ञान खुल्यो आफ से आफ ।
मगजको भित्री भागमा ॥
सोही प्रचार गर्न लागे ।
चेला र भिक्षुहरूमा ॥

सोहि ज्ञानलाई मानिसहरू अब ।
बुद्ध धर्म भनि मान्न थाले ॥
भिक्षु भिक्षुणीहरू सब ।
प्रचारमा अग्रसर हुन थाले ॥

अब ज्ञानको भण्डार छरिए ।
फैलिए फूलको वास्ना भैं ॥
देश देशान्तर सम्म ।
प्राणीको कल्याणको बाटो खुले ॥

धन्य हो बुद्ध तिमी ।
सबै प्राणीको मनमा पसेर ॥
पाप र धर्म छुट्याई दियौ ।
शान्तीको विकूल फूकि दियौ ॥

# हे मार !

✍ सत्यपारमिता गुरुमाँ

हे मार ! छं जिगु विन्ति न्यो ।
वर्षावास लिक्क वयवं चम्के ज्वीम्ह
स्वलातक्क छ जित: सते याइम्ह ।
बल्लतल्ल दिन फुई हानं
मेगु साल वै हानं छं
जित: सते याई, आ: छु मार वय् धका: ।
हे मार ! छं जिगु विन्ति न्यों ।
यौं कन्हे विवेक विचार मन्त ।
न्याय नं मन्त छं स्यूला ।
खुँत सज्जन, सज्जन खुँ ज्वी धुंकल ।
मखु मखु धाय्वं गाय् धुंकल ।
हे मार छं जिगु विन्ति न्यों ।
आ: गात गबलें हे नं वयमते बिन्ति दु ।
जि वनेत्यइन छं सते यायांहे नं ।
संसार पार ज्वीगु आसं थौं
जि प्रव्रजित जूवयाम्ह ख:
थौं जि बृद्धा जुयावल रोगी नं
हे मार छं जिगू विन्ति न्यों
जि माँ बौ समानपिं गुरुपिं नं मन्त ।
जि माँ समानपिं गुरुमाँपि नं मन्त ।
आ: माँ समानपिं दुपिन्त नं छं
फहीकाबिल छं बिन्ती दु छं थथे छता
याय्मते निशाफ या न्हैं !
हे मार ! छं जिगु बिन्ति न्यों
अन्याय अत्याचारी ज्वीमते छ ।
न्यायाधिश जुयाब्यु न्हैं बुद्ध न्यायाधिश ख: ।
त:धंपिन्त त:धंपिं हे मार वै
चीधंपिन्त चीधंपिं हे मार वै
छंगु ल्यूने जि दु छं धन्दा कायम्वा:
हे मार छं जिगु विन्ति न्यों ।
व सान्त्वना नं छं थौं तंकाबिल ।
फल स:गु सिमाय् अप्पां कय्की ।
फल मस:गु सिमायात सूनानं स्वइमखु ।
उत्साहीम्ह छ धका: धैर्य बिया: बिज्याइम्ह
जि गुरु नं थौं गन बिज्यात
गन गन कृतज्ञता नं तनावन ।



Downloaded from http://www.dhamma.digital

आज त छलफल कार्यक्रममा थुप्रै नयाँ अनुहारहरू देखिएकोले वातावरण नै नौलो देखियो। आयोजकको तर्फबाट कार्यक्रमका सहभागी मध्ये एकजनालाई सोध्यो– तपाईंको परिचय पाए बेश हुनेथियो।

नयाँ साथीले परिचय दिनुहुँदै भन्नुभयो– "म ख्वकनाबाट आएको हुँ। मेरो एउटा जिज्ञासा रहेको छ। हालै शिद्धार्थनगर (भैरहवा) मा सम्पन्न विश्व हिन्दू बौद्ध एकता र करूणा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा बौद्धहरूले किन बहिष्कार गरेको होला ? यो बुझ्न सकिएन।

तपाईंलाई यस विषयमा राम्रो ज्ञान नभएर सोध्नु भएको रहेछ। राम्रै भयो। यस विषयमा धर्मोदय सभाले सम्मेलनमा सहभागी नहुनुको कारणहरू दर्शाई एक वक्तव्य नै निकालेको छ। त्यसलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरेको छु। राम्ररी सुन्नुहोस्।

- सबै धर्महरू प्रति मैत्रीपूर्ण समानता कायम गर्दै आएकोमा एशियाका ठूला धर्महरू भनी हिन्दू धर्म र बुद्ध धर्मलाई मात्र अंगाली इशाई र मुश्लिम आदिलाई चिढाई विश्वमा बौद्धहरूसँगको प्रतिकूलताको वीजारोपण हुन सक्ने।

- सम्मेलनको मूल विषयको रूपमा हिन्दू बौद्ध दर्शन एउटै रहँदा बुद्ध धर्मको प्रतिरूप देखिई बुद्ध धर्मलाई हिन्दू धर्मको शाखा आदि भनी अनर्गल प्रचार गराइरहेको कुरालाई टेवा मिलेर दुई छुट्टाछुट्टै सैद्धान्तिक अस्तित्वमा खलल पुग्ने, अझ करूणा विषयमा बौद्धहरूको मान्यता आफ्नै भएको र हिन्दूहरूको मान्यता पनि आफ्नै हुने हुनाले करूणाका विषयमा छुट्टाछुट्टै धारणा भएको एवं हिन्दूस्तानको बिहारको उच्च न्यायालयले हिन्दू र बौद्ध एकै होइनन् भनी बताईसकिएको कुरा पनि यहाँ स्मरणिय छ।

- लुम्बिनी बुद्ध धर्मावलम्बीहरू लगायत अन्य शान्तिप्रेमी धर्मावलम्बीहरू समेतको पुण्य क्षेत्रको रूपमा रहेको छ। हालको यस्तो सुमधुर सम्बन्ध बिग्रन गई लुम्बिनी एक विवाद क्षेत्र बन्न सक्ने सम्भावना रहेकोले।

अर्को बुझ्नु पर्ने कुरो के छ भने हिन्दूहरूले गौतम बुद्धलाई विष्णुको नवौं अवतार भनी मान्ने गर्छन्। तर बौद्धहरूले त्यस कुरालाई मान्यता दिएका छैनन्।

यी सबै कुराहरूको हाम्रा नयाँ साथीलाई जानकारी नै रहेनछ। पत्रिकाहरू अध्ययन गर्न पऱ्यो नि यहाँले। धर्मकीर्ति पत्रिका पढ्न हुन्न क्यारे यहाँले कसो ?

उ. – गाउँमा धर्मकीर्ति पत्रिका पढ्ने मौका कहाँबाट पाउनु ? त्यसैले थाहा नपाएकोले त प्रश्न उठाउनु पऱ्यो नि। के गर्नु ?

अर्का एकजना सदस्यले नयाँ कुरा सुनाउँदै भन्नुभयो। भारतमा चार जवान शंकराचार्य धर्मगुरुहरू छन् रे। ती मध्ये एकजना शंकराचार्य धर्मगुरुको चेला साधु महात्माले भन्नुभयो रे लुम्बिनीमा हुन गइरहेको हिन्दू बौद्ध सम्मेलनलाई राम्रो कुरा मान्न मिल्दैन। किनभने यसले शान्ति होइन अशान्ति ल्याउने कार्य गर्दछ। नेपालमा त हिन्दू र बौद्धहरूमा त्यसै पनि एकता कायम रहेको छँदैछ। यसरी अनावश्यक रूपमा हिन्दू बौद्ध सम्मेलन लुम्बिनी जस्तो शान्ति क्षेत्रमा मनाइएको मेरो आँखाले हेर्ने र कानले सुन्न चाहँदैन। बरू त्यस सम्मेलन हुनु भन्दा पहिले नै म मरेपनि बेस ठान्दछु।

गजबको कुरो लुम्बिनीबाट गएर नौ दिन पछि नै त्यो साधु महात्माले साँच्चिकै प्राण त्यागे रे। तर त्यस साधुको नाम भने सोध्न बिर्सेछु।

जे होस् बौद्ध जगतको एकताको आवाजको फलस्वरूप तथाकथित हिन्दू बौद्ध सम्मेलन लुम्बिनीमा भएन। यो बौद्धहरूको संगठन र एकताको उपलब्धि नै भन्नु पर्ला। अर्को कुरो हिन्दू धर्म र बुद्ध धर्म एउटै होइन रहेछ भन्ने कुरो पनि यसले प्रष्ट गरेको देखियो।

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

## सम्पादकीय

# बुद्ध शिक्षाको अध्ययन

आजभोली बुद्ध शिक्षालाई गहिरिएर अध्ययन गर्नु अति आवश्यक भएको देखिन्छ । किनभने विश्वहिन्दू संघले हिन्दू र बुद्ध धर्म एउटै हो भन्ने विषयमा नारा लिएर सिद्धार्थनगरमा हिन्दू बौद्ध सम्मेलन सम्पन्न गरिएकोले हिन्दू धर्म के हो र बुद्ध धर्म के हो भन्ने विषयमा चर्चा भइरहेको छ। त्यसैले युवा वर्गहरू बुद्ध शिक्षा अध्ययन र मनन गर्न उत्सुक देखिन्छन् ।

हामी जस्ता बुद्धका अनुयाईहरूलाई बुद्ध शिक्षा नभई हुँदैन । बुद्धको सिद्धान्तले ईश्वरलाई मान्दैन, आत्मालाई नित्य मान्दैन । कुनै पनि धर्म ग्रन्थलाई स्वतः प्रमाण मान्दैन । जातभेदलाई बिल्कुल मान्यता दिंदैन ।

साधारणतया शिक्षा विना मानिस परिपक्व हुन सक्दैन । त्यसैले बिना शिक्षाको मानिसलाई सबै क्षेत्रमा हेपिन्छ । तर पराभव सूत्र अनुसार धेरै पढ्दैमा विद्वान हुने होइन । विवेक बुद्धि र अहंकार लाई तिलाञ्जली दिन सकेन भने विद्वान पनि पतन हुन सक्छ ।

बुद्ध शिक्षालाई ३ तहमा विभाजन गर्न सकिन्छ-

(१) परियत्ति- किताबमा उल्लेख गरिएको शिक्षालाई ध्यान दिएर पढ्ने र बुझ्न प्रयत्न गर्ने ।

(२) प्रतिपत्ति- आफूले पढेको शिक्षालाई आफ्नो दैनिक जीवनमा प्रयोग गर्ने । अथवा शिक्षालाई ब्यवहारमा उतार्ने । आफूले शिक्षा अध्ययन गरे अनुसार आफूमा रहेका घमण्डीपना र महत्वाकांक्षीपनलाई त्यागी, सत्कार र सम्मान पाउने आशाको पछाडि नलाग्नु राम्रो हुनेछ । यसको पछि लाग्नु छाडि आफ्नो आचरण शुद्ध गर्ने कार्यतिर लाग्नु नै बढी फलदायक हुनेछ ।

(३) प्रतिवेध- आफूले शिक्षा प्राप्त गरे अनुसार शिक्षित बनी खराब बानीहरूबाट मुक्त हुन सक्नु, आध्यात्मिक उन्नतितिर लाग्नु, नरम स्वभावलाई प्रयोग गरी आफूलाई सम्यक दृष्टिमा लगाउन सकेमा मात्र विस्तारै अशान्त वातावरण हटेर जानेछ । मुख्य कुरो ठीक समझदारीलाई अंगाल्न सक्नु नै प्रतिवेधको अनुभव भएको ठहरिनेछ। अर्थात् शिक्षा बोध भएको ठहरिनेछ ।

बुद्धले कसैलाई पनि मुक्तिदिलाउने जिम्मा लिनु भएको छैन । उहाँले त मुक्तिमार्गलाई देखाईदिनु भएको छ । त्यस मार्गमा लाग्ने त आ-आफ्नो जिम्मेवारीको कुरो हो। त्यसैले हामीले बुद्ध शिक्षालाई आफैले महशूस गर्न सकिन्छ । जबसम्म शिक्षालाई महशूस गरिंदैन, तबसम्म ब्यवहारमा प्रयोग गर्न सकिंदैन ।

उदाहरणको लागि राहुल कुमार बालकालमा अज्ञानी थिए। त्यसैले बुद्धले उसलाई एक्लै राखी राहुलोवाद सूत्र उपदेश दिनुभयो । राहुलले बुद्ध शिक्षालाई महशूस गरिसकेपछि मात्र उ राम्ररी शिक्षित र ज्ञानी भए । यसरी नै विद्यार्थीले पनि आफ्नो गुरुले पढाएको शिक्षालई जबसम्म महशूस गर्न सक्दैन तबसम्म उसले शिक्षा हासिल गर्न सक्दैन।

एकदिन एकजना मानिसले बुद्ध समक्ष प्रश्न उठाए- रीस भनेको पाप हो कि धर्म हो ? बुद्धले उत्तर दिनुभयो- "रीस उठेको बेलामा होश पुऱ्याउन सके त्यही धर्म हुनेछ । होश पुऱ्याउन नसके पाप हुनेछ। बुद्धको अर्को महत्त्वपूर्ण उपदेश हो- अरूलाई बाधा हुने कार्य नगर्नु । यसले आफूलाई पनि शान्ति मिल्ने छ अरूलाई पनि शान्ति मिल्नेछ। यही बुद्धको उपायोगी शिक्षा हो ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २४९०३२, २२२५५०, फ्याक्स : (९७७-१) २४८६७८

Downloaded from http://www.dhamma.digital